
असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क ६ | २०७१, असार १६-३२ | पूर्णाङ्क ५२८ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं



फोन नं॰ ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं॰ २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एशोसिएशन | - सदस्य |
| अध्यक्ष श्री रामप्रसाद गौडेल, प्रतिनिधि, सर्वोच्च अदालत बार एशोसिएशन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ४ |
| संयुक्त | ८ |
| इजलास नं. १ | ६ |
| इजलास नं. २ | ९ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | १९ |
| इजलास नं. ७ | १ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | ९ |
| जम्मा | ७३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, असार – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

# १६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण परमादेश | इकवाल हक वि. राजस्व न्यायाधिकरण, काठमाडौंसमेत | |
| २. | उत्प्रेषण परमादेश | सञ्जयकुमार साह वि. स्वावलम्बन लघुवित्त विकास बैङ्क लिमिटेड, केन्द्रीय कार्यालय, जनकपुरसमेत | |
| ३. | उत्प्रेषण परमादेश | अधिवक्ता रामचन्द्र पौडेल वि. राष्ट्रपतिको कार्यालयसमेत | |
| ४. | परमादेश समेत | अधिवक्ता ज्योति बानियासमेत वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **३-६** |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कर्णबहादुर टमाटा | |
| ६. | उत्प्रेषण परमादेश | दीपक भन्ने श्रीधर खनाल वि. जिल्ला सरकारी वकील कार्यालय, मकवानपुरसमेत | |
| ७. | उत्प्रेषण परमादेश | ममता पटेल वि. नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयसमेत | |
| ८. | निषेधाज्ञा परमादेश | ईश्वरमान कायस्थ वि. हिरादेवी महर्जनसमेत | |
| ९. | मोही प्रमाणपत्र पाऊँ | रामेश्वर मिश्र वि. झीन्ना मिश्राइनीसमेत | |
| १०. | उत्प्रेषण परमादेश | जि.वि.स.को कार्यालय, कैलाली, धनगढीसमेत वि. खड्कराज भट्ट | |
| ११. | सवारी ज्यान | मोहन यादव वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **६-१०** |
| १२. | लिखत बदर दर्ता बदर | सहदेव मुखियासमेत वि. मु.स. गर्ने सिरीवती देवीसमेत | |
| १३. | कर्तव्य ज्यान | दिपकबहादुर घिमिरे वि. नेपाल सरकार | |
| १४. | उत्प्रेषण परमादेश | बिनोद थापा वि. दङ्गा नियन्त्रण प्रहरी गण कोहलपुर, बाँके हाल नेपालगन्जका गणपतिसमेत | |
| १५. | उत्प्रेषण परमादेश | सन्तोष यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १६. | जबर्जस्ती करणी | आशिष विश्वकर्मा वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **१०-१६** |
| १७. | अदालतको अपहेलना | ज्ञानीबहादुर निरौला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १८. | कर्तव्य ज्यान | बाबुराम पुर्जा वि. नेपाल सरकार | |
| १९. | उत्प्रेषण परमादेश | दीपकविक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २०. | लागु औषध | नेपाल सरकार वि. बिक्की साहसमेत | |
| २१. | जबर्जस्ती करणी | नेपाल सरकार वि.ख कुमार | |
| २२. | मानव ओसारपसार | कलामुद्दीन पठान मुसलमान वि. नेपाल सरकार | |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कोपिला पाण्डेसमेत | |
| २४. | लागु औषध | बिक्की साह वि. नेपाल सरकार | |
| २५. | अदालतको अपहेलना | मिथिलेश यादव वि. रेणुकुमारी साहसमेत | |
| २६. | कर्तव्य ज्यान | सुवास अधिकारी वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१६-१८** |
| २७. | जबर्जस्ती करणी | करन सुनार वि. नेपाल सरकार | |
| २८. | कर्तव्य ज्यान | अनुप सुनुवार वि. नेपाल सरकार | |
| २९. | कर्तव्य ज्यान | राजेश भन्ने ज्ञानबहादुर दाहाल वि. नेपाल सरकार | |
| ३०. | उत्प्रेषण परमादेश | अनितादेवी शाही वि. पुण्यप्रभादेवी बिष्टसमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | १८-२० |
| ३१. | आयकर | सुरेश प्रधान वि. सशिन जोशी |
| ३२. | आयकर | महेन्द्रमान गुरूङ वि. रामप्रसाद श्रेष्ठ |
| ३३. | सरकारी छाप दस्तखत कीर्ते | भोजराज भण्डारी वि. नेपाल सरकार |
| ३४. | मूल्य अभिवृद्धि कर | महेन्द्रमान गुरूङ वि. रामप्रसाद श्रेष्ठ |
| ३५. | अंश दर्ता | ललितप्रसाद साह वि. हरिनारायण साहसमेत |
| **इजलास नं. ५** | | २०-२९ |
| ३६. | लेनदेन | टीकाबहादुर वली वि. धनीराम खड्का |
| ३७. | क्षतिपूर्ति | नरेन्द्रगोविन्द मुल्मी वि. मदनस्मारक माध्यमिक विद्यालय |
| ३८. | लेनदेन | अब्दुल रसीद इद्रिसी वि. क्वालिटी कन्फेक्सनरी इन्डस्ट्रिज प्रा.लि.दुहबीसमेत |
| ३९. | नामसारी निर्णय दा.खा.दर्ता बदर | किशोरप्रसाद रौनियार वि. हिरालालप्रसाद रौनियारसमेत |
| ४०. | नक्कली अध्यापन अनुमतिपत्र (भ्रष्टाचार) | हेमचन्द्र हजारा वि. नेपाल सरकार |
| ४१. | नक्कली अध्यापन अनुमतिपत्र (भ्रष्टाचार) | केशवराज कडरिया वि. नेपाल सरकार |
| ४२. | लागु औषध | कपिल राई वि. नेपाल सरकार |
| ४३. | उत्प्रेषण परमादेश | बिर्जु महतो नुनिया वि. रामछविला साहसमेत |
| ४४. | निषेधाज्ञा | नरेश पासवान वि. दीपलाल महतोसमेत |
| ४५. | अंशचलन | खैरून निशासमेत वि. रजिदा प्रवीन खातुन |
| ४६. | निषेधाज्ञा | रामप्रसाद बास्कोटासमेत वि. नेपाल विद्युत प्राधिकरणसमेत |
| ४७. | निषेधाज्ञा परमादेश | इन्दिरा पन्त शर्मा वि. पूर्णभद्र शर्मा |
| ४८. | निषेधाज्ञा | जङ्गबहादुर चौधरीसमेत वि. गाविसको कार्यालय पटेर्वा, सप्तरीसमेत |
| ४९. | परमादेश | बद्रीकृष्ण शंखदेव वि. प्रफुल्लकुमार घिमिरे |
| ५०. | उत्प्रेषण परमादेश | पञ्चबहादुर के.सी. वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत |
| ५१. | निषेधाज्ञा | खिमबहादुर गुरूङ वि. पोखरा फाइनान्स लिमिटेड |
| ५२. | निषेधाज्ञा | राजेन्द्र मुखिया मलाहासमेत वि. बद्री महतो कोइरी |
| **इजलास नं. ७** | | २९-३० |
| ५३. | उत्प्रेषण प्रतिषेध परमादेश | अधिवक्ता तोयानाथ ढुङ्गाना वि. न्याय परिषद् सचिवालयसमेत |
| **एकल इजलास** | | ३०-३२ |
| ५४. | परमादेश | इन्द्रप्रसाद वाग्ले वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत |
| ५५. | उत्प्रेषण | सविनलाल श्रेष्ठ वि. मालती अधिकारीसमेत |
| ५६. | उत्प्रेषण परमादेश | डिलमाया तामाङ वि. कारागार कार्यालय, कास्कीसमेत |
| ५७. | उत्प्रेषण परमादेश | रामप्रसाद राय वि. रामनरेश रायसमेत |
| ५८. | उत्प्रेषण | चमनबहादुर खड्का वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत |
| **रीत/बेरीत आदेश** | | ३२-३४ |
| ५९. | ज्यान मार्ने उद्योग | बुलबुल भन्ने सौरभ गुरूङसमेत वि. नेपाल सरकार |
| ६०. | मानव बेचविखन | रेणु लिम्बु भन्ने रेणु तामाङ वि. नेपाल सरकार |
| ६१. | भ्रष्टाचार | युगलकिशोर साह वि. नेपाल सरकार |
| ६२. | उत्प्रेषण | विष्णुप्रसाद न्यौपानेसमेत वि. गृह मन्त्रालयसमेत |

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-००१५, उत्प्रेषण/परमादेश, *इकवाल हक वि. राजस्व न्यायाधिकरण, काठमाडौंसमेत*

जुन मुद्दामा फैसला भई दण्ड जरीवाना लागेको हो सोही मुद्दाको रोहमा थुनामा रहिरहेको भए वा पुनरावेदन गर्ने प्रयोजनको लागि दण्ड जरीवाना धरौट राख्न नसकी सशरीर अदालतसमक्ष समर्पण गरेको भए त्यस्तो अवस्थामा दण्ड जरीवाना तोक्ने फैसलाउपर पुनरावेदन गर्न धरौटी राख्ने प्रयोजन हुनै सक्तैन । कुनै रकममा नदिएको दण्ड जरीवाना असूलीको लागि सो तिर्न नसक्ने भएमा हालसम्म प्रचलित कानूनबमोजिम कैदमा रूपान्तरण गरी असूल गर्ने व्यवस्था भएकोले थुनामा नै रहेको अवस्थामा पनि पुनरावेदनको लागि धरौट अनिवार्य गर्नु विवेकसङ्गत, न्यायसङ्गत एवम् कानूनसङ्गत हुन नसक्ने ।

निवेदक इकवाल हक भन्सार अधिकृतको निर्णयानुसार लागेको दण्ड, जरीवाना बुझाउन नसकी थुनामा रहेको अवस्था देखिएकोले निजले राजस्व न्यायाधिकरण, काठमाडौंमा दिएको पुनरावेदन सुन्नबाट इन्कार गर्न मिल्ने देखिएन । तर भन्सार ऐन, २०६४ को दफा ६२(२) को कानूनी व्यवस्था मुद्दाको पुर्पक्षको सिलसिलामा धरौटी वा तारिखमा रहेको व्यक्तिको हकमा आकर्षित हुने कानूनी व्यवस्था भएको हुँदा उक्त कानूनी व्यवस्थालाई निवेदकले माग गरेबमोजिम संविधानसँग बाझिएको भनी अमान्य र बदर घोषित गर्न नमिल्ने ।

निवेदक इकवाल हकलाई ३ वर्ष ६ महिना कैद र रू.३,६७,९०,५७२।– जरीवाना हुने गरी त्रिभुवन भन्सार कार्यालयबाट मिति २०७०।३।१९ मा भएको निर्णयउपर निवेदकले राजस्व न्यायाधिकरण, काठमाडौंमा दर्ता गर्न ल्याएको पुनरावेदनपत्र सोही न्यायाधिकरणका स्रेस्तेदारबाट दरपीठ गर्ने गरी २०७०।४।२१ मा भएको आदेशलाई सदर गर्ने गरेको राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको मिति २०७०।५।७ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी निवेदकले थुनामा रहेको अवस्थामा राजस्व न्यायाधिकरण, काठमाडौंमा मिति २०७०।४।२० मा दर्ता गर्न ल्याएको पुनरावेदनपत्र दर्ता गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

मुद्दा पुर्पक्षको लागि थुनामा रहेको वा भन्सार कार्यालयको निर्णयानुसार लागेको दण्ड जरीवाना तिर्न बुझाउन नसकी थुनामा रहेको व्यक्तिले एक तह राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाउने व्यवस्थाको सम्बोधन हुने गरी भन्सार ऐन, २०६४ को दफा ६२ मा थप व्यवस्थासहित स्पष्ट गर्नु र सम्बन्धित सबै भन्सार कार्यालयहरूलाई समेत यो आदेशको जानकारी गराउनु भनी विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल माघ २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-००४४, उत्प्रेषण/परमादेश, *सञ्जयकुमार साह वि. स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, जनकपुरसमेत*

स्वावलम्बन लघुवित्त विकास

लिमिटेड कर्मचारी सेवा नियमावली, २०६२ व्यवस्थापिकाद्वारा निर्मित ऐनले दिएको अधिकार प्रयोग गरी बनाएको होइन । विधायिकाद्वारा निर्मित ऐनबमोजिम अख्तियारप्राप्त निकायले नबनाएका यस्ता विनियमावलीलाई कानूनको परिभाषाभित्र नपर्ने कुरा कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(ड) ले प्रष्ट पार्दछ । तसर्थ, स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेडको विनियमावली, २०६२ संविधानसँग बाझिएको भनी बदरको माग गर्नुको कुनै औचित्य नहुने ।

स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेडमा आवश्यक पर्ने जनशक्ति छनौट गरी भर्ना गर्न उक्त कम्पनी स्वायत्त वा स्वतन्त्र भएकोले कर्मचारीको विज्ञापन गर्दा पदसंख्या नतोकी 'केही' पदसंख्या भनी विज्ञापन गरेकोले स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेडको विनियमावली, २०६२ को विनियममा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ विपरीत नदेखिँदा असंवैधानिक भनी बदर गर्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल माघ २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०–WS–००७९, उत्प्रेषण/परमादेश, *अधिवक्ता रामचन्द्र पौडेल वि. राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौंसमेत*

फौजदारी कसूरमा सजाय पाएको भन्नासाथ निरपेक्षरूपमा सबै अवस्थामा नैतिक पतन देखिने फौजदारी कसूरलाई इङ्गित गर्छ भन्ने होइन । कसूरको गाम्भीर्यता, त्यसको समाजमा पर्ने असर, सामाजिक कलङ्क, नैतिक आचरण विरूद्ध आर्थिक अपराध, राज्य विरूद्धका अपराध स्वभावतः सङ्गीन र गम्भीर प्रकृतिका अपराधको अवस्थासमेतका विविध पक्षका आधारमा विधायिकाले यस्ता अपराधको वर्गीकरण गर्न सक्ने ।

नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको व्यक्ति संविधानसभाको सदस्य हुन नसक्ने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ को खण्ड (ग) मा व्यवस्था गरिएको देखिन्छ । संविधानसभा सदस्यको निर्वाचनसम्बन्धी अध्यादेश, २०७० को दफा १८ को खण्ड (ग) ले समेत नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको व्यक्तिलाई संविधानसभाको सदस्य पदमा उम्मेद्वार बन्नको लागि रोक लगाएको अवस्था हुँदा संविधानको व्यवस्थासँग अध्यादेशको व्यवस्था मेल नखाएको वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको व्यक्तिलाई संविधानसभाको सदस्य पदमा उम्मेद्वार हुन बाटो खोलेको भन्ने निवेदकको जिकीर तर्कसङ्गत् देखिन आएन । त्यसैले निवेदकले भने जस्तो सबै फौजदारी मुद्दालाई नैतिक पतन देखिने फौजदारी अपराधको सूचीमा राख्न उपयुक्त हुँदैन । समयसापेक्ष हुने गरी विधायिकाले कुनै विशेष गम्भीर प्रकृतिका खासखास किसिमका अपराधलाई नैतिक पतन देखिने फौजदारी अपराधको कोटीमा राख्न सक्ने हुँदा सबै प्रकृतिका फौजदारी कसूरमा सजाय पाएका व्यक्तिहरूलाई संविधानसभा सदस्यको निर्वाचनमा उम्मेद्वार हुन अयोग्य हुने भनी निर्धारण गर्न नमिल्ने ।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(घ)(ङ) र (च) मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना र धारा ६५(ग) सँग बाझिएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न

मिल्ने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल माघ २ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८–WO–०३८३, परमादेशसमेत, *काठमाडौं जिल्ला, कामनपा वडा नं. ३१ बागबजार कार्यालय रहेको उपभोक्ता हित संरक्षण मन्च, नेपालको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमा समेत अधिवक्ता ज्योति बानियासमेत वि. नेपाल सरकारसमेत*

धूम्रपान तथा सुर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र सर्वसाधारण जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूति हुने कार्य राज्यले निर्वाह गर्नुपर्ने हुँदा सर्वसाधारण जनताको स्वास्थ्यसँग प्रत्यक्षरूपमा प्रभाव पार्ने सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०६८ एवम् सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ मा उल्लिखित कानूनी व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गरी राज्यले आफ्नो दायित्व पूरा गर्न तत्परता देखाउनुपर्ने।

समग्रमा उल्लिखित संवैधानिक व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त एवम् धूम्रपान निषेध गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसमेतको मर्म र भावनानुरूप निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०६८ एवम् नेपाल सरकारबाट निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ लाई तत्काल प्रभावकारीरूपमा कार्यान्वयन गर्नु, गराउनु सो विपरीतका उत्पादित सुर्तिजन्य पदार्थहरूलाई अविलम्ब बजारबाट हटाउनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः चन्द्रा तिमल्सेना/रानु पौडेल

इति सवत् २०७० साल पुस १४ गते रोज १ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** साधक नं. ०६९-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कर्णबहादुर टमटा*

प्रतिवादी कर्णबहादुर टमटा वारदातपश्चात् फरार रहे पनि अदालतसमक्ष उपस्थित भएको देखिँदैन । मौकामा पक्राउ परेको सहअभियुक्त राजेन्द्र वि.क.ले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादी कर्णबहादुर र आफू दुबै जनाले बिन्दी वि.क. लाई कुटपीट गरी जिउँदै बरको रूखमा झुन्ड्याई मारेका हौं भनी यी प्रतिवादी कर्णबहादुरलाई समेत पोल गरेको देखिन्छ । यी प्रतिवादी कर्णबहादुरका बाबु बिर्खे टमटाले यी प्रतिवादीउपर किटानी जाहेरी दिएको देखिन्छ । लास जाँच मुचुल्कामा अनुहारको पूरै भागमा रगत जमेको, तिघ्रामा नीलडाम, घाँटीमा पटुकाको पासोको डाम रहेको भन्ने उल्लेख भएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा झुन्ड्याई (Hanging) भन्ने जनिएको समेतको तथ्यगत अवस्थाहरूबाट यी

प्रतिवादीसमेतको संलग्नतामा उक्त वारदात भएको देखिन आउँछ । यसै मुद्दाका अर्का प्रतिवादी राजेन्द्र वि.क.लाई कसूरदार ठहऱ्याई सजाय हुने ठहरेको फैसला यस अदालतबाट समेत सदर भई अन्तिम भइसकेको परिप्रेक्ष्यमा समान स्तरका कसूरदार यी प्रतिवादीलाई पनि ज्यानसम्बन्धीको महलको १३(३)नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक १५ गते रोज ६ शुभम् ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०१८५, उत्प्रेषण/परमादेश, *दीपक भन्ने श्रीधर खनाल वि. जिल्ला सरकारी वकील कार्यालय, मकवानपुरसमेत*

निवेदकले दावी गरेको बा.६च २५४२ नम्बरको कार लागु औषध गाँजा मुद्दामा जफत हुने ठहरी मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।०९।११ मा फैसला भएको देखिन्छ । उक्त कारको ड्राइभरले उक्त कारबाट लागु औषध गाँजा ओसापसार गर्ने गरेको कुरा गरी निवेदकलाई थाहा नभएको भन्ने निवेदकको जिकीर भएकोमा सो कुरा निवेदकलाई थाहा भए नभएको विषयमा सबूद प्रमाणको मूल्याङ्कन गरी सोही लागु औषध गाँजा मुद्दाबाटै निरूपण हुने विषय हुन आउँछ । यसरी लागु औषध मुद्दाबाट नै न्यायिक निरूपण हुने विषयमा सोही मुद्दाबाट नै उपचार प्राप्त गर्न सकिने अवस्था रहेकाले यो विषय रिट क्षेत्रबाट हेर्न मिल्ने नदेखिने भनी निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०२९४, उत्प्रेषण/परमादेश, *ममता पटेल वि. जिल्ला पर्सा, गाविस भौराटार वडा नं. ६ फुलकौलस्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयसमेत*

निवेदिकालाई सेवाबाट बर्खास्त गरिएको मिति २०६७।१।३० को पत्र बुझिसकेपछि आफूलाई मर्का परेको भए सो सम्बन्धमा उपचार प्राप्त गर्न उचित र मनासिब समयभित्र अदालतमा दावी गर्न सक्नुपर्नेमा अनुचित विलम्ब गरी मिति २०६८।११।११ मा मात्र रिट निवेदन लिई अदालत प्रवेश गरेको देखिन्छ । यी निवेदिकाले निवेदनपत्रमा अदालत प्रवेश गर्न विलम्ब भएको कारणबारे समेत कुनै तर्कसङ्गत आधार उल्लेख गरेको देखिँदैन । यस अवस्थामा निवेदकको निवेदन खारेज गरेको पुनरावेदन अदालत, हेटौंडाको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६९-WO-०८६३, निषेधाज्ञा/परमादेश, *ईश्वरमान कायस्थ वि. हिरादेवी महर्जनसमेत*

निवेदकले निवेदनपत्रमा नै कि.नं. १७० को जग्गाको पर्खाल सम्बन्धमा साविक पर्खाल सीमाना (किल्ला) सदर कायम गरिपाऊँ भनी ११ जना गुठीयारले काठमाडौं जिल्ला अदालतमा मुद्दा दिई विचाराधीन रहेको भन्ने उल्लेख गरेको पाइन्छ । यसरी निवेदकसमेतले यही विषयमा जिल्ला अदालतमा दिएको मुद्दाबाट नै प्रस्तुत विषयको न्यायिक निरूपण हुने स्थितिमा निषेधाज्ञा मुद्दाबाट उपचार गर्ने अवस्था

हुँदैन । सोही मुद्दाबाट नै सबूद प्रमाणको मूल्याङ्कन हुने भै निवेदन मागबमोजिमको उपचार प्राप्त हुने अवस्था देखिन्छ । यस अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

५

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०३२५, मोही प्रमाणपत्र पाऊँ, *रामेश्वर मिश्र वि. झिन्ना मिश्राइनीसमेत*

वादी र प्रतिवादीहरूका पति/बाबु रामसमुझकै पालामा मोही बाँडफाँड गरी पाउन भूमिसुधार कार्यालयमा निवेदन परी मिति २०५६।९।६ को निर्णयले ३१ कित्ता जग्गामा मोही बाँडफाँड भएको देखिँदा बाँडफाँड भएका ३१ कित्ता जग्गा बाहेकका अन्य जग्गा मोहियानीमा कमाई पाउने र दिने गरी थप सम्झौता भएको भन्ने वादी दावी पनि देखिँदैन । दर्ता नै नभएको बेदर्ताको कि.नं. ९०७ को जग्गामा मिति २०२८।२०३० सालमा नै मोही कायम भैसकेको थियो भनी मात्र सकिने स्पष्ट आधार एवम् मोही कायम भएको तथ्य कुनै प्रमाणबाट समर्थित हुन नसकेको अवस्थामा केवल गाउँ विकास समितिको सिफारिशको आधारमा मात्र मोही कायम हुने ठहर गर्न नमिल्ने हुँदा वादी दावीको कि.नं. ९०७ को जग्गाको मोही प्रमाणपत्र बनाई दिने ठहर गरेको सुरू भूमिसुधार कार्यालय, कपिलवस्तुको मिति २०६७।५।२९ को निर्णय उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ७ गते रोज ६ शुभम् ।

६

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-०६०६, उत्प्रेषण/परमादेश, *जिल्ला विकास समितिको कार्यालय, कैलाली, धनगढीसमेत वि. खड्कराज भट्ट*

एउटै निकायबाट पटकैपिच्छे अवकाश दिँदा अलगअलग मिति कायम गरी दोहोरो मापदण्ड अपनाउँदा निवेदकले पाउने सेवा सुविधामा निश्चित्‌रूपमा फरक पर्न जाने देखिन्छ । निवेदकको बढुवा भएको मितिलाई नै नियुक्ति भएको मिति भनी बिना आधार फरक अर्थमा ग्रहण गरेको देखिन्छ । यसरी एउटै निकायबाट फरकफरक मिति कायम गरी मनोमानी ढङ्गबाट निर्णय गर्ने छूट विपक्षी पुनरावेदक जिल्ला विकास समिति, कैलालीसमेतलाई कुनै पनि कानूनले दिएको देखिँदैन । जुन कुरा कानूनको रोहबाट उचित पनि मान्न मिल्दैन । मिति २०३५।२।२५ मा नियुक्ति भएकै आधारमा मिति २०३८।४।१ गते टा.मु. पदमा बढुवा भएको देखिन्छ । विपक्षीले अनुमान गरेजस्तो यी व्यक्ति तत्कालीन समयमा अस्थायी रहेको भए बढुवा हुने भन्ने प्रश्नै रहँदैन । यस्तो अवस्थामा रिट निवेदक अवकाश भैसकेपछि बिनासुनुवाइ निजको सेवा सुविधामा फरक पर्ने गरी एकलौटी एवम् मनोमानी किसिमबाट निर्णय गर्दा निवेदकको संवैधानिक तथा कानूनी हकको स्पष्टरूपमा उल्लङ्घन भएको देखिन आएकोले त्यस्तो स्वेच्छाचारी निर्णयलाई रोक्न अदालतबाट उपयुक्त आदेश जारी गर्नुपर्ने ।

निवेदक खड्कराज भट्ट मिति २०३५।२।२५ मा स्थायी नियुक्ति भई मिति २०३८।४।२८ मा बढुवा भएको भन्ने मिसिलसंलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिएको हुँदा निजलाई अवकाश हुँदा स्थायी भएको मिति २०३५।२।२५ बाट निज अवकाश भएको मिति २०६८।२।१६ सम्मको पाउने सुविधा उपलब्ध नगराई बढुवा भएको मिति २०३८।४।२८

बाटमात्र सुविधा उपलब्ध गराएको देखिँदा निवेदकको मागबमोजिम मिति २०३५।२।२५ मा स्थायी भएको मितिबाट अवकाश मितिसम्मको पाउने सम्पूर्ण सुविधा उपलब्ध गराउनु भनी विपक्षी जिल्ला विकास समितिको कार्यालय, कैलाली धनगढीको नाउँमा परमादेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६९।३।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०६९३, सवारी ज्यान, *मोहन यादव वि. नेपाल सरकार*

सवारी चालक अनुमतिपत्र प्राप्त नै नगरी को१त ३०३ नं.को ट्र्याक्टर चलाइरहेको भन्ने कुरा निज मोहन यादवले स्वयम्को बयान, सवारी सञ्चालकको बयानसमेतबाट पुष्टि भएको देखिएको छ । चालकले गुडिराखेको ट्र्याक्टरलाई आफ्नो नियन्त्रणमा राख्नु र आवश्यक परेको अवस्थामा रोक्नु निजको दायित्व हुन आउँछ । ट्र्याक्टर दुर्घटना हुनमा यान्त्रिक गडबडी थियो भनी जिकीर लिए पनि सो कुरा पुष्टि गर्न सकेको देखिएन । निजको सवारी साधन पम्प बस्ने र ट्याङ्की चुहुने अवस्थाको थियो भन्ने पूर्व जानकारी भए पनि सोतर्फ सावधानी नअपनाई त्यस्तो सवारी साधन जबर्जस्ती चलाई लग्नु आफैं पनि लापरवाही हुन आउँछ । दुर्घटना भएको समयमा उक्त सवारी निज मोहन यादवले चलाई गएको र बाटोमा ठेला रोकिरहेकी मृतक सावित्री ताजपुरियासमेतलाई ठक्कर दिई निजको मृत्यु भएको कुरा स्पष्टरूपमा पुष्टि भइरहेको देखिँदा सवारी चालक अनुमतिपत्र प्राप्त नभएको व्यक्तिले सवारी चलाई दुर्घटना भएको कार्यलाई जानीजानी लापरवाही गरी चलाएको भनी मान्नुपर्ने ।

वासुदेव यादवले चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई सवारी चलाउन दिएको कार्य अभियोग दावीको कसूर भएकोमा त्यस्तोमा अभियोग दावीअनुसार सजाय गर्नुपर्नेमा सो नगरी प्रतिवादी मोहन यादवलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १ महिना कैद र रू.१५००।- जरीवाना र वासुदेव यादवको हकमा सजायतर्फ केही नबोली झापा जिल्ला अदालतले मिति २०६५।३।२४ मा गरेको फैसला मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी भै निज प्रतिवादीमध्येका मोहन यादवलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार २ वर्ष कैद र ऐ ऐनको दफा १६१(५) अनुसार २,०००।- (दुईहजार) रूपैयाँ जरीवाना हुने, प्रतिवादीमध्येका वासुदेव यादवको हकमा ऐ. ऐनको दफा १६१(५) अनुसार १ महिना कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत इलामको मिति २०६६।६।२६ को फैसला सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७-CI-१००१, हालैदेखिको बकसपत्रको लिखत बदर, दर्ता बदर दर्ता, *सहदेव मुखियासमेत वि. मु.स. गर्ने सिरीवती देवीसमेत*

पुनरावेदक प्रतिवादी सहदेव मुखियाले उल्लिखित कित्ता जग्गाहरू स्वआर्जनको निजी सम्पत्ति हो भन्ने विवादरहित स्पष्ट प्रमाण पेश गर्न सकेको नपाइएको र वादी विरेविन मुखियासमेत

प्रतिवादी सहदेव मुखियासमेत भएको दे.नं. १०२१।२४ को अंश दर्ता मुद्दा चल्दाचल्दैको अवस्थामा प्रतिवादी सहदेव मुखियाले रत्नदेवी मुखिया बिनलाई हालैदेखिको बकसपत्र लिखत पारीत गरी हक छाडी दिएको देखिएकोले त्यस्तो लिखत व्यवहार दान बकसको १ नं. विपरीत भै कानूनतः सदर हुन नसक्ने भएकोले उल्लिखित कि.नं. ३५८, १९८ र ३६४ समेतका जग्गाहरूमा वादी दावीबमोजिम ३ खण्डको २ खण्ड लिखत बदर हुनुपर्ने नै देखिने ।

वादीले दावी लिएको कि.नं. ३५८, १९८ र ३६४ समेतका जग्गाहरू सगोलमा रहँदाको अवस्थामा खरिद गरी अंश दर्ता मुद्दा चल्दाचल्दैको अवस्थामा प्रतिवादी सहदेव मुखियाले हालैदेखिको बकसपत्र लिखत प्रतिवादीमध्येकी रत्नदेवी मुखियाका नाममा पारीत गरी हक छाडी गरिदिएको लिखतमा वादी दावीबमोजिम ३ खण्डको २ खण्ड लिखत बदर हुने र वादीले दावी लिएको कि.नं. ५३५ र ६२९ को जग्गाहरू यी पुनरावेदक प्रतिवादी सहदेव मुखियाले बकसपत्रबाट पाएको देखिएकोले सो जग्गामा अंश नदिलाएको र आफूखुश गर्न पाउने उक्त जग्गा प्रतिवादीमध्येकी रत्नदेवी मुखियालाई बकसपत्र गरिदिएको देखिँदा उक्त कित्ता जग्गाहरू बकसपत्र गरिदिएको हदसम्मको लिखत बदर नहुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।३।२४ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल वैशाख ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०१४७, ०६८-CR-०१२३, कर्तव्य ज्यान, *दिपकबहादुर घिमिरे वि. नेपाल सरकार, नेपाल सरकार वि. दिपक सापकोटा*

एकै समयमा एक व्यक्ति दुई ठाउँमा उपस्थित हुन असम्भव छ भनी अभियुक्तले प्रमाणबाट स्थापित गर्न सक्नुपर्दछ । तर यी प्रतिवादी दिपकबहादुर घिमिरेले घटना हुँदाका दिन र समयमा आफू उपस्थित रहेको भनिएको स्थान ललितपुरको भट्टेडाँडा र घटनास्थल भनिएको काठमाडौंको सुकेधाराबीचको दूरी, यातायात र सवारी साधनको उपलब्धता आदिको विचार गर्दा कुनै व्यक्ति सो दुबै स्थानमा उपस्थित रहन असम्भव नदेखिँदा प्रतिवादी दिपकबहादुर घिमिरेले लिएको अन्यत्र स्थल (Alibi) को जिकीर तथ्य, प्रमाण र यातायात साधनको उपलब्धताको दृष्टिले मान्य हुनसक्ने देखिएन । अन्यत्र स्थल (Alibi)) को जिकीर अकाट्य र निर्विवाद प्रमाणबाट स्थापित र प्रमाणित हुन नसकेमा सो जिकीर निजैका विरूद्ध प्रमाण लाग्ने हुन्छ । प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छूट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकीर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम निज प्रतिवादीको नै हुने।

मृतक मीना नेपालीको Autopsy मा मृत्युको कारण Ligature Strangulation भनी उल्लेख भएबाट मृतक मीना नेपालीको मृत्यु कर्तव्यबाट भएकोमा विवाद छैन । प्रतिवादी सबिना सापकोटासमेतको बयानबाट यी प्रतिवादी दिपकबहादुर घिमिरेले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान समर्थित भई कसूर पुष्टि भई रहेको अवस्था हुँदा काठमाडौं जिल्ला अदालतबाट निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को कसूरमा ऐ. १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

मृतकको मृत्युको कारण Ligature

Strangulation भनी Autopsy Report मा उल्लेख भएबाट र यी प्रतिवादी दिपक सापकोटाले मृतकको घाँटीमा डोरीले फन्का मारी कसी दिएको भनी मौकामा र अदालतमा समेत बयान गरेको देखिएबाट उक्त वारदातमा निजको संलग्नता स्पष्ट र प्रामाणिकरूपमा स्थापित हुन आउने ।

प्रतिवादी दिपकबहादुर घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को कसूरमा ऐ. को १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको इन्साफ सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१०।२३ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावदेक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । अर्का प्रतिवादी दिपक सापकोटालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को कसूरमा ऐ. को १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको इन्साफ साधक सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटर: रामशरण तिमिल्सिना

इति सवत् २०७० साल चैत ३० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०४९९, उत्प्रेषण/परमादेश, *बिनोद थापा वि. दङ्गा नियन्त्रण प्रहरी गण कोहलपुर, बाँके हाल नेपालगन्जका गणपतिसमेत*

निवेदकसमेत भई मिति २०६५।३।२८ का दिन दङ्गा नियन्त्रण गणभित्र रहेको व्यायामशालामा ब्याटमिन्टन खेल्न आएका प्रहरी अधिकृतसमेतलाई नियन्त्रणमा लिनेसमेतका कार्य गरी प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ)(च) को कसूरमा निजलाई ऐ. नियमावलीको नियम ८४(ज) बमोजिम किन कारवाही गर्नु नपर्ने भन्ने व्यहोराको स्पष्टीकरण पेश गर्नेसम्बन्धी पत्र मिति २०६५।४।२४ मा दिइएको देखिएको छ । निवेदकलाई दिइएको उक्त मिति २०६५।४।२४ को पत्रको व्यहोराबाट नै निवेदकलाई कारवाही गर्न लागिएको कुरा सजाय गर्नुपर्ने आधार र कारणसमेत स्पष्ट, तथ्यगत र कानूनीरूपमा खुलेको पाइएकोले नियमावलीको नियम ८९(२) बमोजिमको कार्यविधि पूरा गरी प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौकासमेत दिएर नै निवेदकलाई नोकरीबाट बरखास्त गरिएको देखिने ।

प्रहरी जवान पदमा कार्यरत् यी निवेदक सशस्त्र विद्रोहमा संलग्न रहेको देखिएकोले अधिकारप्राप्त अधिकारीले प्रहरी नियमावली, २०४९ बमोजिमको कार्यविधिको अवलम्बन गरेर सफाइको मौकासमेत दिई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने दङ्गा नियन्त्रण गण कोहलपुर, बाँकेका गणपति प्रहरी उपरीक्षकको मिति २०६५।४।२९ को निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरी मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६७।५।६ मा भएको निर्णयसमेतमा कुनै कानूनी त्रुटि नदेखिई निवेदकको संवैधानिक एवम् कानूनी हक हनन् भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल फागुन १२ गते रोज २ शुभम् ।

- ०६७-WO-०५००, उत्प्रेषण/परमादेश, *खोमबहादुर गैरे वि. जिल्ला प्रहरी कार्यालय, सुर्खेतका प्रहरी उपरीक्षकसमेत*

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-WO-०४९०, उत्प्रेषण/परमादेश, *सन्तोष यादवसमेत वि. प्रधानमन्त्री तथा*

*मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती कर्मचारीको सन्ततीलाई उपलब्ध हुने छात्रवृत्ति नेपाल सरकारले उपलब्ध गराएको आर्थिक अनुदानबाट सञ्चालित भएकोले त्यस्तो छात्रवृत्ति वितरण गर्दा छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ र छात्रवृत्ति नियमावली, २०६० ले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने हुन्छ । त्यस्तो कानूनी व्यवस्थालाई बेवास्ता गर्न वा त्यस्तो व्यवस्थाको प्रतिकूल हुने गरी छात्रवृत्तिसम्बन्धी निर्देशिका बनाउन, छात्रवृत्ति वितरण गर्न नमिल्ने ।

कार्यकारी अधिकारको प्रयोग गरी कुनै आदेश, परिपत्र वा निर्देशिका जारी गर्दा नेपाल सरकारले प्रचलित संविधान, ऐन वा नियमावली अनुकूल हुने गरी जारी गर्नुपर्ने र ती कानूनी व्यवस्थाप्रतिकूल जारी गरेका त्यस्तो आदेश परिपत्र वा निर्देशिका कानूनसम्मत् नहुने भई बदरभागी हुने कुरामा विवाद हुँदैन । तर उक्त निर्देशिका नेपालको अन्तरिम सविधान, २०६३ को धारा २१, निजामती सेवा ऐन, २०४९ को दफा ७(७) र छात्रवृत्तिसम्बन्धी ऐन, (संशोधनसहित), २०२१ तथा छात्रवृत्तिसम्बन्धी नियमावली (तेस्रो संशोधन), २०६० समेत अनुकूल रहेको देखिँदैन । उक्त निर्देशिकामा छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ३क र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम १०क ले तोकिएबमोजिम समानुपातिक समावेशी हुने गरी कुनै आरक्षण गरिएको देखिँदैन । तसर्थ उक्त निर्देशिका छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ३क र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम १०क(१) र (२) को व्यवस्था र कानूनअनुकूल रहेको नदेखिने ।

कार्यकारी अधिकारको प्रयोग कानूनप्रतिकूल गरी जारी गरिएको सो निर्देशिका उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१, निजामती सेवा ऐन, २०४९ को दफा ७(७), छात्रवृत्तिसम्बन्धी ऐन (संसोधन सहित), २०२१ को दफा ३ ख र छात्रावृत्ति नियमावली (संशोधनसहित), २०६० को नियम १०क(१) र (२) को कानूनी व्यवस्थाअनुकूल हुने गरी अर्को निर्देशिका वा नियमावली जे जो बनाउनुपर्ने हो बनाई सो छात्रवृत्तिको वितरणमा समानुपातिक र समावेशी हुने गरी लागू गर्नु भनी परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल चैत २६ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-१३२३, जबर्जस्ती करणी, *आशिष विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको भनी जाहेरवाला तथा पीडितले अनुसन्धान अधिकारीसमक्ष व्यक्त गरेको कुरालाई अदालतमा आई बकपत्र गरी पुष्टि गरी दिएको र पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टरले दिएको राय विवादास्पद भई प्रमाण ऐन, २०३१ को दफा ५२ तथा २३(७) बमोजिम प्रमाणयोग्य नदेखिएको समेतका आधार, प्रमाणबाट प्रतिवादी आशिष वि.क. ले पीडित निरमायाँ वि.क. लाई जबर्जस्ती करणी गरेको देखिँदा चितवन जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी आशिष विश्वकर्मालाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. को कसूरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा ५(पाँच) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम

रू.२,०००।-(दुईहजार) क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१०।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-MS-००१५, अदालतको अपहेलना, *ज्ञानीबहादुर निरौला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अदालतबाट जारी भएको निर्देशनात्मक आदेशको पालना भयो भएन भन्नेतर्फ हेर्दा काठमाडौं महानगरपालिका, ट्राफिक प्रहरी महाशाखालगायतका प्रत्यर्थीहरूको लिखित जवाफहरू हेर्दा दुई सदस्यीय अनुगमन समिति गठन भै क्रियाशील रहेको भन्ने देखियो । यस अदालतबाट मिति २०६९।१२।१२ मा भएको आदेशानुसार प्राप्त जवाफ र सोको हालसम्म भएको प्रगति प्रतिवेदन हेर्दा उक्त समिति क्रियाशील रहेकै मान्नुपर्ने हुन्छ । यस अदालतबाट भएको निर्देशात्मक आदेशसमेतले निर्धारण गरेको जमल र रत्नपार्कको आकाशेपुलको भन्दा बढी पसल राखी आवागमनमा अवरोध सिर्जना भएको भन्ने निवेदन दावी नभै निर्माणाधीन अवस्थामै रहेको भन्ने देखिँदा पसल के कति संख्यामा राख्ने भन्ने कुरा भोलि निर्माण सम्पन्न भएपछि अनुगमनबाट देखिने कुरा भएको र तोकिएको मापदण्डअनुरूप हुने प्रतिबद्धता विपक्षीहरूको लिखित जवाफसमेतबाट व्यक्त भएको अवस्थामा निर्माण सम्पन्न भैसकेपछि बढी पसल कवल राखी आवतजावतमा अवरोध भएमा स्थायीरूपमा रहेको उक्त अनुगमन समितिले ठहर गरेका बखत काठमाडौं महानगरपालिकालगायतका निकायबाट त्यस्ता पसल कवल हटाउन सक्ने अवस्था विद्यमान नै देखिएकोले हाल निवेदन मागमा उल्लेख भएझैं अदालतको अपहेलना भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०३५२, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, *बाबुराम पुर्जा वि. नेपाल सरकार*

स्वयम् प्रतिवादी बाबुराम पुर्जाले मौकामा एवम् अदालतमा बयान गर्दा आफूले खानामा विष मिसाई मार्ने विचारले मृतक फबहादुरलाई सो विष राखेको खाना खुवाएको हुँ भन्ने उल्लेख गरेबाट यी प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि हुने ।

प्रतिवादीको क्रियाबाट मृतकको मृत्यु हुन गएको देखिएको र यी स्वयम् प्रतिवादीले खानामा विष मिसाई त्यस्तो विषादी खाना खाए मानिस मर्छ भन्ने थाहा पाइपाइकन त्यस्तो विषादी खाना खान दिन्छ र त्यस्को जानकारी दिँदैन भने त्यो निर्दोष र बिना कुनै मनसाय सो विषादी खाना खान दिएको भन्न मिल्ने अवस्था नरहने ।

प्रतिवादी बाबुराम पुर्जाले अभियोग दावीबमोजिमको कसूर गरेको ठहर्‍याई सुरू म्याग्दी जिल्ला अदालतबाट निज प्रतिवादी बाबुराम पुर्जालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(२) नं. बमोजिमको कसूर अपराध गरेको ठहर गरी सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने र मु.ऐ., अ.बं. १८८ नं. बमोजिम सो सजाय गर्दा चर्को हुन जाने हुँदा १० वर्ष कैद गर्न मनासिब देखी पुनरावेदन अदालत, बागलुङमा साधक जाहेर गरेकोमा पुनरावेदन अदालत, बागलुङबाट मिति

२०६६/१०/६ मा म्याग्दी जिल्ला अदालतबाट प्रतिवादी बाबुराम पुर्जालाई मु.ऐ., ज्यानसम्बन्धीको १३(२) नं. बमोजिम सजाय गरेको सदर गर्ने गरी निज प्रतिवादीले आपराधिक मनसायका साथ विष राखेको खाना मृतक फबहादुरलाई खुवाएको हुँदा निजप्रति दयाभाव राख्नुपर्ने अवस्थासमेत नहुँदा प्रतिवादीलाई १० वर्ष कैद गर्ने अ.बं. १८८ नं. बमोजिमको रायसँग असहमत भई सो सजाय नघटाई मिति २०६६/१०/६ मा पुनरावेदन अदालत बागलुङबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-WO-००७५,उत्प्रेषण/ परमादेश, *दीपकविक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

हनुमानढोका दरबार क्षेत्रको अवलोकनमा आउने विदेशी पर्यटकहरूलाई सुन्धारा धरहरा क्षेत्रसम्म लैजाने प्रयोजनको लागि त्यस क्षेत्रमा प्रचारप्रसारका सामग्री वितरण, सूचना केन्द्र, पर्यटकहरूलाई आवश्यक पर्ने सार्वजनिक शौचालय, चमेना गृह जस्ता पूर्वाधारका साथै हनुमानढोका दरबारक्षेत्रबाट धरहरासम्म पर्यटकहरूलाई आवत जावत गराउन सवारी साधनहरूको व्यवस्थापन गर्नु पर्दा हनुमानढोका दरबार क्षेत्रमा स्थानीय सर्वसाधारण जनताहरूले प्राचीन र परम्परागतरूपबाट मनाउँदै आएका चाड, पर्व तथा विभिन्न जात्राहरूको निर्वाध सञ्चालनमा कुनै न कुनै रूपबाट अवरोध पुग्छ । यसर्थ यस्तो संवेदनशील अवस्थामा रहेको स्थानको विषयमा कुनै निर्णय गर्दा त्यस क्षेत्रमा बसोबास गर्ने स्थानीय सर्वसाधारणहरूको सहमति जरूरी हुन्छ । सोको विपरीत कुनै करार हुन्छ भने त्यस्तो करारले मान्यता पाउने भन्ने प्रश्नै आउँदैन । प्रचलित कानूनको विपरीत भएको करार कायम रहन नसक्ने ।

सरकारी स्वामित्वमा रहेका साँस्कृतिक तथा पुरातात्त्विक महत्त्व बोकेका धरोहरहरूलाई व्यापार व्यवसायसमेत सञ्चालन गर्न पाउने गरी प्रयोग गर्न निजी क्षेत्रलाई भोगाधिकार प्रदान गर्दा निश्चित कानूनी मापदण्ड बनाएरमात्र हस्तान्तरण गर्नुपर्ने हुन्छ । त्यस्तो क्षेत्रमा कानूनी मापदण्डबिना नै विभिन्न व्यापारिक घर टहरा निर्माण गरी व्यापार व्यवसाय गर्नदिने कार्यले त्यस्तो क्षेत्रको साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वलाई घटाउने मात्र होइन त्यस्ता क्षेत्रको उपेक्षा गरेको ठहर्न जान्छ । यस्तो महत्त्व बोकेका धरोहरहरूको संरक्षण र सम्बर्द्धन गरी विकास गर्ने दायित्व राज्य स्वयम्कै हुन्छ । यदि सो कार्य गर्न त्यस्तो क्षेत्र निजी क्षेत्रलाई सुम्पने हो भने पनि त्यस सम्बन्धमा प्रयोग र सञ्चालनको निश्चित कानूनी मापदण्ड आवश्यक मानिने ।

हनुमानढोका दरबार क्षेत्रलाई समावेश गरी विपक्षी काठमाडौं महानगरपालिका र विपक्षी साईड वाकर्स ट्रेडर्स प्रा.लि बीच भएको मिति २०६९।१२।५ को पूरक करार कानूनविपरीत र यस अदालतको उल्लिखित मितिको फैसलाको विपरीत रहेको भन्ने सम्बन्धमा माथि गरिएको विवेचनाले स्पष्ट गरिसकेको छ । अधिकार नै नभएको र असम्बन्धित विषयमा करार गर्ने अधिकार विपक्षीहरूलाई हुँदैन । मूल करारकै विषयमा सर्वोच्च अदालतले प्रश्न उठाई त्यसका विवादित शर्तहरूलाई सार्वजनिक हित निहित हुने गरी पुनरालोकन गर्न आदेशसमेत भएकोमा सो आदेशको सही कार्यान्वयन गर्नेतर्फ लाग्दै नलागी विपक्षीहरूबाट सो आदेशको कार्यान्वयन गरेको भन्दै आदेशमा उल्लेखै नभएको हनुमानढोका दरबारक्षेत्रको विषयमा समेत पूरक करार गरिएको

विषयलाई कानूनअनुरूप र फैसलाअनुरूपको कार्य भन्न सकिने अवस्था नहुने ।

धार्मिक, साँस्कृतिक पुरातात्त्विक महत्त्व बोकेका यस्ता सम्पदाहरूको संरक्षण गर्नु राज्यको मुख्य दायित्व हुन्छ । यसो हुनाले कुनै गैरसरकारी वा निजी क्षेत्रलाई यस्ता सम्पदाहरूको व्यवस्थापन सुम्पनुपर्ने भएमा पनि के कस्तो अवस्थामा र के कसरी सुम्पने हो, त्यस सम्बन्धमा स्थानीय जनताको धार्मिक तथा साँस्कृतिक हकहरूसमेतको प्रतिकूल असर पर्न नदिन स्थानीय जनता, संस्कृतिविद्, पुरातत्त्वविद्, पर्यावरणविद् एवम् स्थानीयजन प्रतिनिधिहरू समेत संलग्न विशेषज्ञ समूहको सहभागितामा कानूनी मापदण्ड बनाई कानूनको रीत पुर्‍याएरमात्रै त्यस्तो बन्दोवस्तको सम्झौता आदि गर्नु, सो बाहेक यस्तो महत्त्वपूर्ण सम्पदाको विकास संरक्षण र सम्बर्द्धनमा राज्यले जो चाहिने वैज्ञानिक एवम् व्यावहारिक उपायहरूको व्यवस्थापन प्रभावकारी हुने गरी अन्तिम जिम्मेवारीको निर्वाह गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-००५०, ००४५३, लागु औषध, *नेपाल सरकार वि.बिक्की साहसमेत, बिक्की साह वि. नेपाल सरकार*

प्रतिवादी बिक्की साहको साथबाट बरामद भएको १४० ग्राम लागु औषध खैरो हेरोइन भएको प्रमाणित भएको, बरामदी मुचुल्का निज प्रतिवादीकै रोहवरमा भएको, अधिकारप्राप्त अधिकारी एवम् अदालतसमेतमा प्रतिवादी बिक्की साह कसूर गरेकोमा साबित भई बयान गरेको, प्रतिवेदकहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी बिक्की साहको साथबाट उक्त लागु औषध बरामद भएको भनी बकपत्र गरेको देखिएबाट यी प्रतिवादी बिक्की साहले आरोपित कसूर गरेको पुष्टि हुन आयो । त्यसैगरी अर्का प्रतिवादी रणबहादुर गुरूङ प्रतिवादी बिक्की साहको साथबाट १४० ग्राम लागु औषध खैरो हेरोइन बरामद हुँदा साथै रहेको, प्रतिवादी बिक्की साहले मौकामा गरेको बयानमा सो व्यहोरा स्वीकार गरी बयान गरेको एवम् प्रतिवेदकहरूले अदालतमा गरेको बकपत्रमा निज साथै रहेको व्यहोरा उल्लेख गरेका, निज प्रतिवादी रणबहादुर गुरूङले मौकामा गराइएको सहीछाप आफ्नो हो भनी स्वीकार गरेको अवस्था हुँदा निज प्रतिवादी रणबहादुर गुरूङले उक्त कार्य सहयोगीको रूपमा गरेको पुष्टि हुने ।

प्रतिवादी बिक्की साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद र ५ लाख जरीवाना, अर्का प्रतिवादी रणबहादुर गुरूङलाई सोही ऐनको दफा १७ बमोजिम ७ वर्ष ६ महिना कैद र २ लाख ५० हजार जरीवाना हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६/७/२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०१७२, ०६८-CR-०२९८, ०२९९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. ख कुमार, अकबर अन्सारी वि. नेपाल सरकार, राम लामा वि. नेपाल सरकार*

प्रतिवादीहरू ख कुमार, प्रकाश राई,

राम लामा र अकबर अन्सारीले अदालतमा बयान गर्दा आफूहरूले पीडित क कुमारीलाई जबर्जस्ती करणी गरेका होइनौं । मौकामा गराइएको बयान कागज झूठ्ठा हो भनी इन्कारी बयान गरेतापनि इन्कारी बयानलाई पुष्ट्याइँ गर्ने कुनै तथ्यगत प्रमाण पेश गर्न सकेका छैनन् । जाहेरवाली पीडित क कुमारीले अदालतमा बकपत्र गर्दा ख कुमार, प्रकाश राईले मलाई चौरमा लगी जबर्जस्ती करणी गरेका हुन् । त्यसपछि म बेहोश भएपछि कसकसले जबर्जस्ती करणी गरे थाहा छैन भनी उल्लेख गरेकाले यी प्रतिवादीहरूले निज जाहेरवालीलाई जबर्जस्ती करणी गरेकोमा कुनै शङ्का देखिँदैन । बेहोश भैसकेपछि कतिजनाले जबर्जस्ती करणी गरे सो थाहा नहुनुलाई अस्वाभाविक मान्न पनि सकिँदैन । यसरी मिसिल संलग्न रहेका सम्पूर्ण तथ्यगत प्रमाणहरूले यी प्रतिवादीहरू ख कुमार, प्रकाश राई, अकबर अन्सारी र राम लामाले पीडित क कुमारीलाई जबर्जस्ती करणी गरेको पुष्टि भैरहेको अवस्थामा यी प्रतिवादीहरूले केवल अदालतमा उपस्थित भई बयान गर्दा इन्कार गरेकै कारणले उन्मुक्ति पाउन नसक्ने ।

प्रतिवादी ख कुमारले म्याद थपका क्रममा उमेर जाँच गरिपाऊँ भनी निवेदन गरेकोमा Institute of Medicine, Maharajgunj Campus का Medico Legal Expert डा.हरिहर वस्तीले निजको उमेर १५ देखि १७ को बीचमा रहेको भन्ने उल्लेख गरेकोले वैज्ञानिक परीक्षणबाट कायम हुन गएको उमेरलाई अन्यथा मान्न नमिल्ने ।

पुनरावेदक/प्रतिवादीहरू राम लामा र अकबर अन्सारीसमेतले पीडित क कुमारीलाई जबर्जस्ती करणी गरेको कसूर अपराधमा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(३) नं. बमोजिम जनही ५ वर्ष कैद गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी यी पुनरावेदक/प्रतिवादीहरू राम लामा र अकबर अन्सारी समेतलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३क नं. बमोजिम जनही थप ५ वर्ष कैद र अर्का प्रतिवादी ख कुमारलाई बालबालिका ऐन, २०४८ को दफा ११(३)) नं. बमोजिम थप २ वर्ष ६ महिना कैद गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६/५/१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०४४१, मानव ओसारपसार, *कलामुद्दीन पठान मुसलमान वि. नेपाल सरकार*

पीडितको किटानी जाहेरी एवम् बयान, मौकामा प्रतिवादीहरूको साबिती बयान, पीडित अदालतमा उपस्थित भै प्रतिवादीहरूले अपहरण गरेको, करणी गरेको, बिक्री गर्ने कुरा गरेको सुनेको भनी स्पष्ट खोली गरेको बकपत्र, अर्का प्रतिवादी प्रमानन्द भरले घरधनी भनेका राजु थापालाई साक्षी राखे पनि बकपत्र गराउनसमेत नसकी निजले यस अदालतमा पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्थासमेत देखिई केवल प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरी सो इन्कारी बयान पुष्टि हुने कुनै आधार नदेखिएको अवस्थामा यी प्रतिवादी कलामुद्दीन पठान मुसलमानसमेतले अभियोग दावीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२)(क) विरूद्धको कसूर अपराध गरेको ठहराई ऐ.ऐनको दफा १५(१)(ङ)(१) बमोजिम जनही १५ वर्ष कैद र १ लाख जरीवाना हुने र दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति भराईदिने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।३।२९ को फैसला

मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०६५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कोपिला पाण्डेसमेत*

प्रतिवादी लालबहादुर पाण्डेको साक्षी हरि श्रेष्ठले अदालतमा बकपत्र गर्दा रेञ्जर वीरशङ्कर महतोले प्रतिवादी लालबहादुर पाण्डेको श्रीमती कोपिला पाण्डेसँग यौन सम्पर्क गरिरहेको देखी तत्काल रिसको आवेगमा आग्लोले हिर्काएको निज प्रतिवादी लालबहादुरले भनेको सुनेको हुँ भनी बकपत्र गरेको देखिएको र अन्य मिसिल संलग्न तथ्यगत कागज प्रमाणसमेतबाट प्रतिवादी लालबहादुर पाण्डेले आफ्नी श्रीमती कोपिला पाण्डेसँग मृतक वीरशङ्कर महतोले करणी गरिरहेको देखी ढोकामा लगाउने आग्लोले प्रहार गरी सोही चोटबाट निजको मृत्यु भएको पुष्टि हुने ।

कोही कसैले आफ्नो श्रीमतीलाई करणी गरिरहेको देख्छ भने त्यस्तो अवस्थामा रिस थाम्न नसक्ने हुन्छ र त्यस्तो परिस्थितिमा त्यस्तो क्रिया गर्ने लोग्ने मान्छेउपर नजिकमा जे भेटियो त्यसैले प्रहार गर्दा मनसाय रहेको भन्न सक्ने अवस्था नरहने ।

प्रतिवादी लालबहादुर पाण्डेले आफ्नी श्रीमती कोपिला पाण्डेसँग मृतक वीरशङ्कर महतोले करणी गरिरहेको देखी तत्काल रिस थाम्न नसकी ढोकामा लगाउने गरेको आग्लोले प्रहार गर्दा सोही चोट प्रहारकै कारणबाट मृतकको मृत्यु हुन गएको पाइएबाट यी प्रतिवादी लालबहादुर पाण्डेलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू लालबहादुर पाण्डे र कोपिला पाण्डेलाई पुनरावेदन अदालत, जनकपुरले सुरू सिन्धुली जिल्ला अदालतबाट अभियोग दावीबमोजिम सजाय गर्ने ठहर गरेको फैसला उल्टी गरी प्रतिवादी लालबहादुर पाण्डेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अन्तर्गत १० वर्ष कैद गर्ने र अर्का प्रतिवादी कोपिला पाण्डेले सफाइ पाउने ठहर गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०४५२, लागु औषध, *बिक्की साह वि. नेपाल सरकार*

प्रतिवेदक सुरेश थापा, शुभलक्ष्मी लामा एवम् बरामदी मुचुल्काका ऋषिकेश पाण्डे एवम् उत्सव कुमार चिमौरियाले अदालतमा बकपत्र गर्दा मिति २०६२/११/२१ गते का. जि., का.म.न.पा. वडा नं. १४ स्थित बाबा पेट्रोल पम्पअगाडिबाट यी प्रतिवादी मीना के.सी. को साथबाट ९६ ग्राम अवैध लागु औषध खैरो हेरोइन बरामद गरिएको हो भनी बकपत्र गरेको देखिएको, सो लागु औषध प्रतिवादी बिक्की साह मार्फत मीना के.सी. ले प्राप्त गरेको व्यहोरा निज प्रतिवादी बिक्की साहकै बयानबाट पुष्टि भएको देखिन्छ । प्रतिवादी बिक्की साहले सुरेन्द्र कुर्मीले अह्राएको काम गरेको हुँ, मेरो साथबाट ९६ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको हैन भन्ने जिकीर लिए पनि निजले सो लागु औषध प्रतिवादी मीना के.सी. लाई पुर्‍याएको कुरामा सहमत नै देखिँदा निजले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि हुने ।

प्रतिवादी बिक्की साहलाई लागु औषध

नियन्त्रण ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १२ (बाह्र) वर्ष कैद र १ (एक) लाख जरीवाना हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६/७/२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CR-१३८४, अदालतको अपहेलना, *मिथिलेश यादव वि. रेणुकुमारी साहसमेत*

विपक्षी इट्टा उद्योगउपर आवश्यक नियमन गर्ने घरेलु तथा साना उद्योग कार्यालय, सप्तरीको लिखित जवाफमा विपक्षी उद्योगको उत्पादन कार्य गर्नु वा गराउनु भनी यस कार्यालयले कुनै अनुमति, इजाजत, आदेश नदिएको र सम्मानीत अदालतको आदेश पालना गरेको भनी तथा विपक्षी उद्योगसमेतले अन्तरिम आदेश जारी हुनुभन्दा अगावै नै उत्पादन कार्य सुरू भएको, आदेशको जानकारी पाएपछि उत्पादन कार्य रोकेको भनी लिखित जवाफ उल्लेख गरेको देखिन्छ । दुबै विपक्षीहरूको लिखित जवाफबाट अदालतको आदेशपश्चात् आदेशको अवज्ञा गरेको छैनौं भनी लिखित जवाफमा प्रतिबद्धता व्यक्त गरेको अवस्थामा निजहरूले पुनरावेदन अदालत, राजविराजको आदेशको अवज्ञा गरेको भन्ने अनुमानको भरमा अपहेलनामा सजाय ठहर गर्नु मनासिब नहुने ।

इजलास अधिकृत विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-१११११, ११८१,११९८ कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, *सुवास अधिकारी वि. नेपाल सरकार, प्रदीप पौडेल वि. नेपाल सरकार, नेपाल सरकार वि. आशा तामाङ लामासमेत*

वारदातपूर्वको विवादको पृष्ठभूमि छ, त्यसको कारणले मृतक र प्रतिवादीबीच झगडाले निरन्तरता पाएको छ । आआफ्नो संरक्षण र बचाउका लागि शक्ति प्रदर्शन भएको छ, एक अवस्थाको झगडापछि त्यसलाई निरन्तरता दिई धुन्चेपाखादेखि चपाचोसम्म लखेट्ने र बाटोमा हान्दै गरेकोसमेत देखिएको छ, सोही सिलसिलाको अन्तमा भीड जम्मा भई भीडको नियन्त्रणमा पुगेपछिको घटनाक्रमले मृतकहरू मारिनेसम्मको अवस्था पुगेको छ । सुरूदेखिको सबै श्रृङ्खलामा प्रतिवादीहरूको सरोकार र संलग्नता भएपछि अन्तिम अवस्थाको भीडको समेत संलग्नताले प्रतिवादीहरूले आफ्नो असंलग्नता र निर्दोषिताको जिकीर लिनसक्ने अवस्था रहेन । तसर्थ कर्तव्यबाट मृतकहरूको मृत्यु भएको कुरामा प्रतिवादीहरू सारभूतरूपले संलग्न भै सोसमेतका कारणबाट वारदात भएको देखिएकोले सुरू भक्तपुर जिल्ला अदालतबाट प्रतिवादीहरू सुवास अधिकारी र प्रदीप पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १, १३(३) नं. को कसूरमा ऐ. १३(३) बमोजिम जन्मकैद हुने ठहर्‍याएको इन्साफलाई पुनरावेदन अदालत, पाटनले मिति २०६८।८।२७ मा सदर गरेको इन्साफ मनासिब हुने ।

प्रतिवादीहरूको कार्यको अतिरिक्त आफ्नो नियन्त्रण नभएको भीडसमेतको संलग्नतामा वारदातले पूर्णता पाएको हुनाले कसूरको प्रकृति र प्रतिवादीहरूको उमेर अवस्थासमेत हेरी पुनरावेदन अदालत, पाटनले प्रतिवादी सुवास अधिकारी र प्रदीप पौडेलका हकमा मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम राय व्यक्त गरेको उक्त रायबमोजिम पाँच वर्ष कैदसम्म सजाय तोके पनि कानूनको उद्देश्यसमेत पूरा हुने देखिएकोले पुनरावेदन अदालत, पाटनको उक्त रायसमेत सदर

हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बतौला

इति संवत् २०७१ साल जेठ २६ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०८८९, ०६८-RC-०१००, जबर्जस्ती करणी, कर्तव्य ज्यान, *करन सुनार वि. नेपाल सरकार, नेपाल सरकार वि. नगेन्द्रप्रकाश रसाइलीसमेत*

मृतकको मृत्युको कारणमा Due to Haemorrhage (Internal External) भनी शव परीक्षण प्रतिवेदनमा लेखाई दिएको, जाहेरवाला गोपाल दर्जीले यी प्रतिवादीउपर किटानी जाहेरी दिएका र अदालतमा आई आफ्नो जाहेरी व्यहोरालाई समेत समर्थन हुने गरी बकपत्र गरी दिएका र घटना विवरणका मानिसहरूले आरोपित कसूर समर्थन हुने गरी कागज गरिदिएको देखिँदा माथि विवेचित मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूको समग्र मूल्याङ्कनबाट प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिति बयान समर्थित हुन गई यी तीनैजना प्रतिवादीहरू जबर्जस्ती करणी र कर्तव्य ज्यानको वारदातमा संलग्न रहेको देखिने ।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिति बयान, मृतकको लासजाँच एव घटनास्थल मुचुल्काको व्यहोरा, मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरा, जाहेरवालाको बकपत्र, घटना विवरणमा कागज गर्ने मानिसको भनाईसमेतका आधार कारणबाट प्रतिवादीहरू करन सुनार, नगेन्द्रप्रकाश रसाइली र तुलबहादुर सुनारले ७३ वर्षकी वृद्ध मृतक जुठी दमिनीलाई कुटपीट, लछारपछारसमेत गरी पटकपटक जबर्जस्ती करणीको कसूर गरी सोही जरियाको कारण यी प्रतिवादीहरूकै कर्तव्यबाट मृतक जुठी दमिनीको मृत्यु हुन गई अभियोग माग दावीबमोजिमको कसूर गरेको तथ्य पुष्टि हुने ।

सुरू बर्दिया जिल्ला अदालतबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, जबर्जस्ती करणीको ३(५) र ३(क) नं.बमोजिम १०(दश) वर्ष कैदको सजाय र ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने र पुनरावेदन नपरी साधक जाँचको लागि पेश हुन आएका प्रतिवादीहरूका हकमा समेत साधक सदर हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-११७०, ०६८-CR-०१५८, ०६९-RC-००६४, कर्तव्य ज्यान, *अनुप सुनुवार वि. नेपाल सरकार, जितबहादुर सुनुवार वि. नेपाल सरकार, नेपाल सरकार वि. नगेन्द्रप्रकाश अनील थापासमेत*

प्रतिवादीमध्येका अनिल थापाले मृतकलाई घरबाट बोलाई घटनास्थलमा ल्याई सबैजनाले सँगै रक्सी खाई नाचगान गर्दागर्दै जितबहादुरले मृतकको खुट्टा कुल्ची निहु झिकी अनुप सुनुवारले मृतकलाई खुकुरीले काटी मारी दे भनी बचन दिएको र साथमा लिएर गएको खुकुरीले जितबहादुर र विकासले मृतकलाई घाँटी काटी छिनाली मारी दिई लासलाई सेप्टी ट्यांकीभित्र दबाएको पूर्ण मनसायपूर्वक र योजनाबद्ध ढङ्गले

गरिएको जघन्य आपराधिक कार्यमा संलग्न यी प्रतिवादीहरूको उक्त कार्य भवितव्य प्रकृतिको नभएको र अपराधको अनुपातमा निजहरूलाई गरिएको सजाय कानूनसम्मत् नै देखिन आएको हुँदा अ.बं. १८८ नं. बमोजिम सजाय कम गरिपाऊँ भन्ने प्रतिवादीको पुनरावेदन जिकीरसँग पनि सहमत हुन नसकिने ।

सुरू रामेछाप जिल्ला अदालतले प्रतिवादी जितबहादुर सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादी अनुप सुनवार र अनिल थापालाई ज्यानसम्बन्धीको १४(४) नं. बमोजिम जन्मकैदको सजाय गरी प्रतिवादी विकास सुनुवारलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम १० वर्षको कैद सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिँदा साधकको रोहबाटसमेत सदर हुन्छ । प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०७३०, कर्तव्य ज्यान, *राजेश भन्ने ज्ञानबहादुर दाहाल वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Haemorrhage and Asphyxia due to injuries of vital parts of neck भनी लेखाई दिएको अनुसन्धानको क्रममा प्रहरीमा कागज गर्ने लज मालिक गोपालजी गुप्ताले मृतकलाई मार्न प्रयोग गरिएको दबिया मासु काट्न भनी प्रतिवादी ज्ञानबहादुर दाहाललाई दिएको र फलामको धारिलो हतियार दबिया देखाउँदा देखें चिने भनी सनाखतसमेत गरी दिई प्रतिवादीले नै मृतकलाई दबियाले घाँटी काटी कर्तव्य गरी मारेका हुन् भनी लेखाई दिएको, घटनास्थल एवम् लासजाँच प्रकृति मुचुल्कामा कागज गर्ने व्यक्तिहरू रघुनाथ साह, शङ्कर साह, पप्पु गुप्ता र प्रतिवेदक प्र.ना.नि. पूर्णप्रसाद घिमिरेसमेतले अदालतमा उपस्थित भई घटना विवरण र जाहेरीलाई समर्थन हुने गरी बकपत्रसमेत गरी दिएको पाइएबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिति बयानमाथि उल्लिखित मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत समर्थित भएको पाइयो । तसर्थ माथि विवेचित मिसिल संलग्न आधार प्रमाणहरूको मूल्याङ्कनबाट यी प्रतिवादीले मृतकलाई मार्नेसम्मको पूर्व योजना बनाई मनसायपूर्वक नै दबियाले घाँटी रेटी प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्य पुष्टि हुने ।

प्रतिवादीलाई मृतकले भारतमा काममा लगाइदिन्छु भनी लगी भा.रू. १५००।- मा काममा लगाइएको सो रकम पनि नदिई निजले नै उठाई खाएको, बेलाबेलामा मलाई एक्लै पारेर गुदा मैथुनसमेत गरी अत्याचार गरेको हुँदा रिस उठी भारतदेखि नै मार्छु भनी सोचिरहेको थिएँ भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा आरोपित कसूर गरेकोमा साबित भै बयान गरी दिई न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको पाइयो । अदालतको बयानमा प्रतिवादीले आफ्नो उमेर १७ वर्ष भनी लेखाइदिएको र घटना घट्दाको अवस्था, परिस्थिति, प्रतिवादीको उमेरसमेतलाई मध्यनजर गरी हेर्दा सर्वस्वसहित जन्मकैदको सजाय गर्दा निजलाई चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादी राजेश भन्ने ज्ञानबहादुर दाहाललाई १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटर: विश्वनाथ पोखरेल

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WO-१२७९, उत्प्रेषण/परमादेश, *अनितादेवी शाही वि. पुण्यप्रभादेवी बिष्टसमेत*

एउटै अदालतमा परेका दुई मुद्दाहरूमध्ये म्याद तामेल हुँदा एउटामा प्रतिवादी र प्रतिवादीको घर फेला पर्ने र अर्कोमा फेला नपर्ने हुन सक्दैन । त्यसकारण मिति २०६७।१२।२ को बेरीतपूर्वक तामेल भएको बेपत्ते म्याद बदर गरी निवेदिकालाई पुनः इतलायनामा म्याद दिने गरेको काठमाडौं जिल्ला अदालतको २०६८।११।१९ को आदेश कानून र प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको नै देखिन आउँछ । सो आदेशलाई बदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।२१ को आदेश कानूनबमोजिम भएको भनी मान्न नमिल्ने ।

निवेदिका विरूद्ध परेको मुद्दाको जानकारी नै निजलाई नभई प्रतिवाद गर्ने मौकाबाट बञ्चित हुने भएको अवस्थामा प्रतिवादीलाई हातैमा अड्डैबाट म्याद बुझाई प्रतिउत्तर दर्ता गरी नियमानुसार गर्नु भन्ने सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६८।११।१९ मा गरेको आदेश बदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।२१ को आदेश न्यायोचित् एवम् कानूनअनुसारको नदेखिंदा सो आदेश बदर गरिदिएको छ । अब निवेदकको माग दावीअनुसार निवेदक प्रतिवादी अनितादेवी शाहीलाई प्रतिवाद गर्ने अवसर प्रदान गरी तारिखमा राखी कानूनबमोजिम मुद्दामा सहभागी गराई कामकारवाही गर्नु गराउनु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको जारी हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विश्वनाथ पोखरेल

इति संवत् २०७० साल मङ्सिर १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०२४१, आयकर (आ.व. ०५८।५९), *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको तर्फबाट ऐका प्रमुख प्रशासक सुरेश प्रधान वि. जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ९ मा रजिस्ट्रार कार्यालय रहेको नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक लि. का हकमा अधिकारप्राप्त सञ्चालक समितिबाट अधिकारप्राप्त ऐका प्रमुख कार्यकारी अधिकृत सशिन जोशी*

बोनसको लागि छुट्ट्याएको रकम वितरण गरेपछि बाँकी रहेको रकममध्येको ७० प्रतिशतले हुने रकम वितरण गरेकोमा विशेष शुल्कबापतको रकम समायोजन नगरी बोनस दावी गरेको रकम ह्रास समूह फरक पारी दावी गरेको भनी अमान्य ह्रास रकम र शाखा कार्यालय खोल्ने क्रममा भएको होटल खर्चलाई समेत मान्यता नदिई आयतर्फ समावेश गर्ने गरी भएको उक्त ठूला करदाता कार्यालयको मिति २०६३।६।२९ को निर्णयपर्चा, कर निर्धारण आदेश र सोलाई असमर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०६४।२।८ को निर्णयपर्चा कानूनसम्मत् नहुँदा उल्टी हुने ठहर्‍याएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६६।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल माघ १४ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०५७३, आयकर (आ.व.

०५८।५९), *आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ लाजिम्पाट तर्फबाट ऐ.का प्रमुख कर प्रशासक महेन्द्रमान गुरूङ वि. जिल्ला काठमाडौं, बालाजुस्थित पायोनियर प्लास्टिक ई. प्रा.लि. को तर्फबाट अधिकारप्राप्त सञ्चालक रामप्रसाद श्रेष्ठ*

करदाताले देखाएको बिक्री मूल्य वा तत्सम्बन्धी आम्दानीको अङ्कलाई कर अधिकृतले अन्यथा भन्न सकेको नदेखिएको अवस्थामा लागत मूल्यभन्दा कम मूल्यमा आफ्नो वस्तु बिक्री गर्नु परेको अवस्था रहेको देखिई लाभको अवस्था नभई नोक्सानीको अवस्था रहेको देखिन्छ । करदाताले लागतभन्दा कम मूल्यमा आफ्नो उत्पादन बिक्री गरेको भन्ने लेखा अभिलेखसमेतलाई अन्यथा नभनी लागत मूल्य र बिक्री मूल्यको बीचको फरक रकमबाट करदाता नोक्सानीमा रहेको देखिएको अवस्थामा उक्त नोक्सानी रकम आयमा समावेश नगर्ने भन्ने ठहर्‍याएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६५।३।२३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CR-०४८५, सरकारी छाप दस्तखत कीर्ते, *भोजराज भण्डारी वि. नेपाल सरकार*

दर्ता नै नभएको सवारी साधन एकै दिनमा २ वटा नम्बरमा दर्ता गरी सोही दिनमा बेचबिखनसमेत गरी प्रतिवादी रामप्रसाद लम्सालको नाउँमा दर्ता गर्ने जस्ता क्रियालाई स्वाभाविक मान्न मिल्दैन किनकि मोटरसाइकलको प्रमाणपत्र जारी गर्नको लागि बुझाइएको उक्त ब्लुबुक सो कार्यमा प्रयोग नभई जीप दर्ताको लागि प्रयोग भएको जारी गरिएको प्रमाणपत्रमा लागेको दस्तखत तथा सिफारिशपत्रमा लागेको दस्तखतसमेत कीर्ते भनी परीक्षण प्रतिवेदनबाट पुष्टि भएको अवस्थामा सोही कीर्ते सिफारिशका आधारमा यिनै प्रतिवादी भोजराज भण्डारीले ठाउँ नामसारी सिफारिशसमेत कीर्ते बनाई राप्ती अञ्चल यातायात व्यवस्था कार्यालयबाट एकै दिनमा दुई पटक फरकफरक नम्बरमा सवारी दर्ता गराई सोही दिन रामप्रसाद लम्साललाई बिक्री गरेको देखिँदा सवारी साधनलाई गैरकानूनीरूपमा दर्ता गर्ने प्रयोजनको लागि उक्त कीर्ते ब्लुबुक र पत्र तयार गर्ने, गर्न लगाउने कार्यमा यी प्रतिवादी भोजराज भण्डारीको संलग्नता रहेको भन्ने तथ्य शङ्कारहित तवरबाट पुष्टि हुन आउने ।

वागमती अञ्चल यातायात व्यवस्था कार्यालयको ब्लुबुक नं. १०१२९१ को ब्लुबुकमा उक्त कार्यालयको शाखा अधिकृत किरण थापाको दस्तखत कीर्ते गरी बा.१च २९९७ को जीप दर्ता र उक्त कार्यालयबाट जारी गरिएको मिति २०५६।१२।२८ को च.नं. ३०१८ को पत्रसमेत कीर्तेरूपमा खडा गरी सवारी ठाउँ नामसारीका लागि राप्ती अञ्चल कार्यालयमा निवेदन परी सवारी साधनको नम्बर परिवर्तन गरेको उक्त कार्य मुलुकी ऐन, कीर्ते कागजको १ नं. को कसूर गरेको हुँदा सुरू ललितपुर जिल्ला अदालतको मिति २०६६।२।१९ को फैसला केही उल्टी गरी प्रतिवादी रामप्रसाद लम्साल र भोजराज भण्डारीलाई ऐ. को ९ नं. बमोजिम रू. ५०।- जरीवाना र ऐ. को १२ नं. बमोजिम १ वर्ष कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल माघ १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-०५७२, मूल्य अभिवृद्धि कर

*आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३, लाजिम्पाटतर्फबाट प्रमुख कर प्रशासक महेन्द्रमान गुरूङ वि. जिल्ला काठमाडौं बालाजुस्थित पायोनियर प्लास्टिक ई. प्रा.लि. को तर्फबाट अधिकारप्राप्त सञ्चालक रामप्रसाद श्रेष्ठ*

करदाता उद्योगको उत्पादन वस्तु असामान्य परिस्थितिले गर्दा लागत मूल्यभन्दा कम मूल्यमा बिक्री गरेको भन्ने तथ्य करदाताको लेखा विवरणबाट देखिइरहेको अवस्थामा करदाता उद्योगको उत्पादित वस्तु न्यून विजकीकरण गरी वस्तु आपूर्ति गरेको भन्ने प्रमाणित हुन नसकेको अवस्थामा न्यून विजकीकरण गरेको भनी कर निर्धारण गर्ने गरेको हदसम्म आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ को मिति २०६०।३।३२ को अन्तिम कर निर्धारण आदेश र उक्त आदेशलाई समर्थन गर्ने गरेको महानिर्देशकको मिति २०६०।९।४ को निर्णय केही उल्टी हुने ठहर्‍याएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६५।३।२३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CI-०३९५, अंश दर्ता, *ललितप्रसाद साह वि. हरिनारायण साहसमेत*

यिनै पक्ष विपक्ष भएको यसै लगाउको ०६७-CI-१५६० को हालैदेखिको बकसपत्र लिखत बदर मुद्दामा दावीको कि.नं. १९४ को जग्गा अंश मुद्दा पर्नुभन्दा अगावै सगोलमा रहेको अवस्थामा घरको मुख्य व्यक्तिले मुलुकी ऐन, अ.बं. १९(२) नं. ले आफूखुश गर्न पाउनेसम्मको सम्पत्ति हालको बकसपत्र गरिदिएको र उक्त जग्गा सम्पूर्ण अचल सम्पत्तिको आधा भन्दा पनि धेरै कम जग्गा बकसपत्र गरिदिएको अवस्थामा बकसपत्र लिखत बदर गरिपाऊँ भन्ने वादी दावी नपुग्ने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिब देखिँदा सदर हुने ठहरी आजै यस इजलासबाट फैसला भएको हुँदा सोही मुद्दामा उल्लिखित आधार कारणसमेतबाट कि.नं. १९४ जग्गा र बन्डा नलाग्ने ठहरेका अन्य सम्पत्ति बाहेक तायदातीमा उल्लिखित सम्पत्तिबाट ३ (तीन) भागको १ (एक) भाग सम्पत्ति वादीले प्रतिवादीबाट अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । कि.नं. १९४ बाट अंश छुट्ट्याई पाऊँ भन्ने वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस २८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-१२७०,जालसाजी, *ललितप्रसाद साह वि. हरिनारायण साहसमेत*
- ०६७-CI-१५६०, हालैदेखिको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता, *ललितप्रसाद साह वि. हरिनारयण साहसमेत*

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०७० सालको पुनरावेदन नं. ०६९-CI-१३०८, लेनदेन, *टीकाबहादुर वली वि. धनीराम खड्का*

रेखा र लेखा विशेषज्ञको अघिल्लो र पछिल्लो राय विरोधाभाषपूर्ण नभई पछिल्लो राय यथार्थमा अघिल्लो रायकै अभिन्न भाग र कडी भएको अवस्थामा पछिल्लो रायलाई प्रस्तुत मुद्दामा आधिकारिक मान्न नसकिने कुनै कारण देखिएन ।

तमसुकको लेखक साक्षी र अन्य साक्षीहरूबाट वादी दावीको लिखत सद्दे र शुद्ध व्यवहारबाट भएको तथ्य निजहरूबाट प्रमाणित गर्नुपर्नेमा यी पुनरावेदकले आफ्ना साक्षीहरूलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेकोसमेत देखिएन । अर्कोतर्फ प्रत्यर्थीका साक्षीहरू कमानसिंह खत्री, नन्दबहादुर खड्का, तुलबहादुर खत्री र कलबहादुर रानाले सुरू अदालतसमक्ष वादी दावी झूट्टा हो भनी बकपत्र गरेको देखिने ।

अत्याधुनिक प्रविधिबाट विशेषज्ञद्वारा परीक्षण भई तथ्य र आधारसहित सो तमसुक लिफामा खडा भएको भनी दिएको रायलाई अन्य स्वतन्त्र प्रमाणबाट पनि पुष्टि भइरहेको छ । विवादित लिखतलाई नाङ्गो आँखाले हेर्दा पनि लिखतका पंक्तिहरू दुई शब्दबीचको असमान र अस्वाभाविक खाली ठाउँसमेतबाट सो लिखत स्वाभाविकरूपमा तयार भएको कपाली तकसुक मान्न सकिन्न । दावीको लिखत प्रत्यर्थीले सुरूदेखि नै झूट्टा हो भनी दावी लिँदै आएको तथा सो कुरा विशेषज्ञको रायसमेतका प्रमाणबाट प्रमाणित हुन आएको हुँदा यी पुनरावेदक वादीले जालसाजीपूर्ण तवरले कीर्ते तमसुक खडा गरेको देखिँदा निजलाई कानूनबमोजिम जरीवानासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न नसकिने हुँदा पुनरावेदक वादीले प्रत्यर्थीले अन्य प्रयोजनका लागि दिएको लिफामा लिखत खडा गरेको प्रमाणित भएकोले दावीको लिखत सद्दे नभई कीर्ते गरी खडा गरेको देखिन आउँदा वादीले साँवा रू.४,२०,०००।- र सोको ब्याजसमेत प्रतिवादीबाट भराई लिन पाउने गरी रोल्पा जिल्ला अदालतबाट भएको फैसला मनासिब नहुँदा उल्टी भई वादीले प्रतिवादीबाट साँवा र सोको ब्याज भराई लिन पाउने ठहर्दैन । जालसाजी कागज खडा गरेबापत वादीलाई कीर्ते कागजको १० नं.अनुसार जरीवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको पुनरावेदन नं.०६८-CI-११३४, क्षतिपूर्ति, *नरेन्द्रगोविन्द मुल्मी वि.जिल्ला ललितपुर. ललितपुर उपमहानगरपालिका वडा नं. २० नटोल स्थित मदनस्मारक माध्यमिक विद्यालय*

साधिकार निकायबाट प्रक्रियासङ्गतरूपमा तहतहबाट फैसला भई अन्तिम भइसकेको विवाद सदाको लागि अन्त्य हुनुपर्छ । एउटै विषयमा सामान्य व्यहोरा फरक पारी पुनः विवाद झिकी अदालतमा आइरहँदा न्याय सम्पादनमा समेत प्रतिकूल असर पुग्न जान्छ र अदालतको बहुमूल्य समयसमेत बर्बाद हुन जान्छ । एउटै मुद्दामा यो वा त्यो बहानामा सामान्य परिवर्तन गरी पटकपटक अदालतमा प्रवेश गर्दा अदालतको समय, श्रम तथा स्रोत अनावश्यक लगानी हुनुका साथै राज्य तथा समाजको शान्तिको चाहनाको समेत प्रतिकूल हुन पुग्दछ । प्राङ्न्यायको सिद्धान्तले पनि समान विषयमा बिगो र अदालत परिवर्तन गर्दैमा प्राङ्न्यायको सिद्धान्त आकर्षित नहुने होइन । अ.बं. ८५ को मूल मनसाय एकपटक विधिवत् टुङ्गिएको विषयमा पटकपटक मुद्दा दायर गर्नबाट रोक्नु हो । क्षतिपूर्ति नपाउने भनी जिल्ला र पुनरावेदन अदालतले बोलिसकेको विषय र सन्दर्भलाई नै लिई पुनरावेदन अदालतबाट सुरू गरिएको यो मुद्दालाई अलग विषय मान्न नसकिने ।

पुनरावेदक नरेन्द्रगोविन्द मुल्मीले यिनै प्रत्यर्थीउपर यही विषयमा साधिकार निकायमा मुद्दा दायर गरी सो निकायबाट विवाद कानूनबमोजिम अन्तिम भैसकेको अवस्थामा पुन: सोही विषय

अदालतमा प्रवेश गराएको देखिएकोले प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. ८५ नं. बमोजिम खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।७।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६९ सालको पुनरावेदन नं. ०६८-CI-१२५५, लेनदेन, *जिल्ला बाँके, नेपालगन्ज नगरपालिका वार्ड नं. १ धम्बोहीस्थित स्टार एजेन्सीको तर्फबाट अब्दुल रसीद इद्रिसी वि. क्वालिटी कन्फेक्सनरी इन्डस्ट्रिज प्रा.लि. दुहबी, सुनसरी नेपालसमेत*

व्यापारमा ख्यातिलाई ठूलो सम्पत्ति मानिन्छ । आपसी विश्वासका आधारमा व्यापारिक कारोबार सञ्चालन भई आएको हुन्छ । सबै अवस्थामा सामानको माग वा अर्डर लिखतका आधारमा गरिने, सामान प्राप्त भएपछि सोको भरपाई दिइने तथा राखिने पनि गरिँदैन । टेलिफोनबाट सामानको अर्डर लिने र सोही आधारमा सामान पठाइसकेपछि भुक्तानी लिनेदिने प्रचलन व्यापारमा सामान्य मानिन्छ । प्रस्तुत मुद्दामा पनि यी पुनरावेदकले विवादपूर्व कारोबार गर्दा सामानको अर्डर लिखित्रूपमा लिने गरेको र सामान प्राप्त गरिसकेपछि सोको भरपाई दिने गरेको थियो भनी उल्लेखसम्म पनि गरेको नपाइँदा आपसी विश्वासका आधारमा कारोबार भै आएको देखिने ।

प्रतिवादी उत्पादन कम्पनी भई करलगायतका दायित्व व्यहोर्नुपर्ने हुन्छ । प्रतिवादीको कारोबार यी वादीसँगमात्र रहेको पनि देखिँदैन । स्रेस्तामा जनिएको सो अनुसार बिल काटिएको, चलानी (इनभ्वाइस) जनिएको समेतबाट पुष्टि भएबाट प्रमाण ऐन, २०३१ को दफा १४ बमोजिम प्रतिवादीसँगै रहेका लिखत भए पनि यी प्रमाणका रूपमा स्वीकार्य हुन्छन् । वादीको आपत्ति बिलसम्ममा छ, प्रतिवादीले नियमितरूपमा राखेको र अदालतमा पेश भएको बही खाता, स्रेस्ताका हकमा छैन । वादी प्रतिवादीबीचको कारोबार करीब ३२ लाखको छ भने करीब २६ लाखको सामान पाएको वादीको स्वीकारोक्ति छ । जुन प्रकृतिबाट प्रतिवादीले यी सामान वादीलाई बेचेको छ, त्यही प्रक्रिया विवादित करीब पाँच लाखको सामानको हकमा पनि छ । सुनसरीबाट बाँकि सामान ल्याइनु पठाउनुका परिप्रेक्ष्यमा फिरादको मिति र बिलको मिति निर्णायक हुन सक्दैन । मूलतः प्रमाण ऐन, २०३१ को दफा १४ अनुसार प्रमाण हुने कुरालाई न्यायको रोहमा अस्वीकार गर्न नमिल्ने ।

पुनरावेदक र प्रत्यर्थीका बीचमा गुडफेथ (विश्वास) का आधारमा सामानको अर्डर लिने, सामान पठाउने तथा पाउने कार्य हुँदै आएको, विवादित भनिएका ४ थान बिलमा उल्लेख भएका मालसामान प्रत्यर्थीले पुनरावेदकलाई पठाएको मिसिल सामेल रहेका बिक्री खाताको बिजक नम्बर इनभ्वाइस (Invoice) बाट पुष्टि भइरहेको अवस्थामा पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट मालसामान पाइसकेको देखिँदा वादी दावीबमोजिम वादीले प्रतिवादीबाट रू. ५,३१,८२३।६६ बराबरको कन्फेक्सनरी माल दिए सोही माल वस्तु नदिएमा रू. ५,३१,८२३।६६ भरी पाउने ठहऱ्याएको बाँके जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।०२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६९ सालको पुनरावेदन नं. ०६८-CI-१४०६, नामसारी निर्णय दा.खा. दर्ता बदर दर्ता, *किशोरप्रसाद रौनियार वि. हिरालालप्रसाद रौनियारसमेत*

कि.नं. १२०१ कायम हुनुभन्दा अगावै वादी प्रतिवादीबाहेकका अरू दुई अंशियारले आआफ्नो भाग जति नामसारी गराई लिएतर्फ यी पुनरावेदक तथा प्रत्यर्थीहरूले स्वीकार गरी उक्त नामसारीतर्फ कुनै चुनौती नदिई स्वीकार गरी बसेको देखिन्छ । बाँकी वादी प्रतिवादी तीन जनाका बीच बराबर भाग लगाइनुपर्ने जग्गा छुट्ट्याइँदा क्षेत्रफल घटीबढी नहुनुलाई मात्र बराबर भएको मानिन सकिँदैन । यसका लागि बाटो निकास नरम गरम पनि मिल्नुपर्ने हुन्छ । तीनैजनाको सहमति भएको स्थितिमा बेग्लै कुरा हो । तर सहमति कायम भएको नदेखिएको स्थितिमा कुनै एक पक्षको ईच्छानुसार कित्ता काट हुन नसक्ने ।

पुनरावेदन अदालतको आदेशानुसार भई आएको नक्सामा देखिएको बाटोलाई केन्द्रबिन्दु मान्दा नरमगरम मिलेको मान्न सकिने स्थिति छैन । अदालतबाट जारी परमादेशले प्रक्रिया आरम्भ गरेको हो नरम गरम नमिलाई कित्ताकाट गर्न आदेश दिएको होइन । तसर्थ यी पुनरावेदक र प्रत्यर्थीहरूका बीच तीन भाग जग्गा छुट्ट्याई लिन बाँकी रहेको अवस्थामा समान हकवालाहरूको सगोलमा नै रहेको सम्पत्तिलाई भागशान्ति नरमगरम मिलाई बाटो निकास पनि न्यायोचित् तवरले छुट्ट्याउनु पर्नेमा एकतर्फी बाटो निकास सम्पूर्णरूपमा यी पुनरावेदकले मात्र उपभोग गर्ने गरी र अन्य समान हकवालालाई प्रतिकूल असर पुग्ने गरी आपसी सहमतिसमेत नलिई भएको कित्ताकाट नामसारीलाई मान्यता दिएको सुरू फैसला उल्टी गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरिपाऊँ भन्ने पुनरावेदकको पुनरावेदन जिकीर तर्कसङ्गत् तथा न्यायोचित देखिन नआउँदा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी समान हकवाला देखिएकोमा समान हकवालाले जग्गा छुट्ट्याई लिँदा नरमगरम मिलाई छुट्ट्याई लिनुपर्नेमा समान हकवालालाई बाटो निकाससमेतमा असर पर्ने गरी छुट्ट्याई दिएको देखिँदा दा.खा. दर्ता बदरतर्फ फिराद दावी पुग्न नसक्ने गरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई बाटो निकाससमेत मिल्ने गरी नरमगरम मिलाई आआफ्नो एकएक भाग दा.खा. दर्ता गराई लिन पाउने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०८।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०७० सालको पुनरावेदन नं. ०७०-CR-०००४, सेवा प्रवेशको लागि नक्कली स्थायी अध्यापन अनुमतिपत्र पेश गरी भ्रष्टाचार गरेको, *हेमचन्द्र हजारा वि. नेपाल सरकार*

अध्यापन अनुमतिपत्रका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, रौतहटबाट शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरमा लेखी पठाउँदा उक्त आयोगको मिति २०६६।१२।२२ को पत्रबाट निज प्रतिवादीका नामको क्रमाङ्क २७१६४९ को प्राथमिक तहको अध्यापन अनुमतिपत्र अभिलेखमा नभएको भनी लेखी आएको पत्र मिसिल संलग्न रहेको यी पुनरावेदकले दलित प्राथमिक विद्यालय, प्रतापपुर पल्टुवामा पी.सी.एफ. शिक्षक पदमा नियुक्ति लिन पेश गरेको उक्त अध्यापन अनुमतिपत्र झूट्ठा देखिन आयो । जहाँसम्म यी पुनरावेदकले २०६६ साल फागुनमा परीक्षा दिई २०६७ जेठतिर प्राथमिक तहको शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन

अनुमतिपत्र लिएको भनी खुलाएको तथ्यले सो मिति अगावै झूट्टा अध्यापन अनुमितपत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिएको कुरालाई समर्थन गर्नसक्ने अवस्था नदेखिँदा अभियोग दावीबाट सफाइ पाऊँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादी हेमचन्द्र हजारालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा सोही ऐनको दफा १६(१) बमोजिम छ महिना कैद र रू.१०,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०७० सालको पुनरावेदन नं.०६९-CR-०८९४, सेवा प्रवेशको लागि नक्कली स्थायी अध्यापन अनुमतिपत्र पेश गरी भ्रष्टाचार गरेको, *केशवराज कडरिया वि. नेपाल सरकार*

अपराध हुनका लागि निश्चय नै आपराधिक कार्य र अपराधी मन दुबै आवश्यक हुन्छ । आपराधिक कार्य भन्नाले अपराधसँग सम्बन्धित शारीरिक वा भौतिक कार्य बुझ्नुपर्ने हुन्छ भने आपराधिक मनले आपराधिक अभिप्राय वा उद्देश्यलाई बोध गराउँदछ । आपराधिक वा उद्देश्यविहीनताको कार्यबाट मात्र अपराध कायम हुन सक्दैन । (Actus Non facit reum, nisi mens sit rea) भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको देखिने ।

पेश भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेश नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्य पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाणपत्र पेश गर्ने कार्यमा आपराधिक कार्य र आपराधिक मनसमेतका दुबै तत्त्व समावेश भएको देखिने ।

प्रतिवादी केशवराज कडरियाले HSLC तहको परीक्षा उत्तीर्ण गरेको भनेको प्रमाणपत्र झूट्टा देखिन आएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेकोले निजलाई सोही ऐनको दफा १२ र दफा २९(२) ले रू.५००।- जरीवाना हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-००८०, लागु औषध (खैरो हेरोइन), *कपिल राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूबाट लागु औषध खैरो हेरोइन ६९ ग्राम नगद रू.७५,०००।- तराजु तथा पाँच ग्राम र एक ग्रामको ढक बरामद भएको भनी गरेको साबिति बयान मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का र बरामदी मुचुल्काका व्यक्तिहरू कपिल कार्की र शुभलक्ष्मी लामाले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट पुष्टि भएको अवस्था देखिँदा केवल प्रतिवादीले अदालतसमक्ष बयान गर्दा २/३ ग्राम मात्र लागु औषध बरामद भएको हो भनी लेखाएकै भरमा मात्र अन्य कुनै पनि प्रमाणबाट समर्थित नभएको अदालतको बयानकै आधारमा प्रतिवादीबाट २।३ ग्राम लागु औषध बरामद भएको भन्न मिल्ने पनि देखिएन । साथै प्रतिवादीबाट लागु औषध तौल गर्ने तराजु र ढकसमेत बरामद भएको अवस्था हुँदा प्रतिवादी कपिल राईलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(६)(२) अनुसार १२ वर्ष ३ महिना कैद र रू. १,३५,०००।- जरीवाना गरी बरामद भएको

रकम रू. ७५,०००।- तथा ढक तराजुसमेत जफत हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।२८ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०३२९, उत्प्रेषण/परमादेश, *बिर्जु महतो नुनिया वि. रामछविला साहसमेत*

प्रत्यर्थीहरू रामछविला साह, राजकुमार दास तत्मा, नजामुद्दिन अन्सारी तथा विनिता तिवारी मिति २०६७।६।५ देखि विद्यालय व्यवस्थापन समितिको पदाधिकारीमा चयन भएको र माथि उल्लिखित शिक्षा ऐन, २०२८ को दफा १२(५) को कानूनी प्रावधानबमोजिम विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्ष हुने भई मिति २०६७।६।५ मा गठन भएको विद्यालय व्यवस्थापन समितिको पदावधि मिति २०७०।६।४ मा नै समाप्त भैसकेको अवस्था देखिन आयो । उपरोक्तबमोजिम मिति २०६७।६।५ मा चयन गरिएका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको पदावधि नै समाप्त भैसकेको अवस्था हुँदा निज पदाधिकारीहरूलाई विद्यालय व्यवस्थापन समितिको पदाधिकारीमा चयन गर्ने भनी गरिएको उक्त मिति २०६७।६।५ को निर्णय बदर गरी पुनः निर्वाचन गर्नुपर्ने भन्ने रिट निवेदकको माग दावी नै निष्प्रयोजित देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-००९३, निषेधाज्ञा, *महोत्तरी जिल्ला, गोनपुरा गाविस वडा नं. ८ मा रहेको राष्ट्रिय निम्न माध्यमिक विद्यालय हरिहिरदुआको विद्यालय व्यवस्थापन समितिको तर्फबाट ऐ.का अध्यक्ष नरेश पासवान वि. दीपलाल महतोसमेत*

विद्यालय व्यवस्थापन समितिको गठनमा अभिभावकहरूको उजूरी परी त्यसअनुसार नै विघटन गरी तीन सदस्यीय जिल्ला शिक्षा समितिले नै विद्यालय व्यवस्थापन समितिको काम गर्दै आएको र विद्यालय व्यवस्थापन समितिको गठनको लागि आवश्यक प्रक्रिया अगाडि बढेको भन्ने देखिँदा निर्णय नै भइसकेको विषयमा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिन नआउने ।

जिल्ला शिक्षा कार्यालयले नियमबमोजिम तोकिएको प्रक्रियाअनुरूप शिक्षक कर्मचारीहरूको सरूवा गर्नसक्ने नै देखिँदा आशङ्काको काल्पनिक आधारलाई लिएर उसको क्षेत्राधिकारलाई नै कुण्ठित गर्न मिल्दैन । जिल्ला शिक्षा अधिकारीले नियमविपरीत गै कुनै सरूवा गरेमा त्यसबखत नै सम्बन्धित पक्षले कानूनी उपचार खोज्नसक्ने अवस्था हुँदाहुँदै पहिल्यै कानूनविपरीत हुने अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।२।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CI-०६१२, अंशचलन, *खैरून निशासमेत वि. रजिदा प्रवीन खातुन*

प्रमाणमा लिन मिल्ने कुरा मिसिल संलग्न हुन्छन् र तिनलाई खण्डन गर्न असर पर्ने पक्षलाई

अवसर दिइँदा पनि निजले सो दायित्व पूरा गरेको पाइन्न भने ती प्रमाणको उपेक्षा गरेर न्यायिक निष्कर्ष निकाल्न नमिल्ने ।

अदालतमा मुद्दा चली अन्तिम फैसला नहुँदैको अवस्थामा प्रत्यर्थी वादीले सफी अहमदसँग विवाह गरेको माथि वर्णित तथ्यबाट पुष्टि भइरहेको देखिँदा प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीहरूबाट अंश नपाउने ।

अंश मुद्दा नै त्यस्तो मुद्दा हो जसमा फिराद प्रतिउत्तर र फैसलामा उल्लेख नभएको भए पनि अंशियार घटबढ हुनसक्ने यथार्थलाई स्वीकार गरी फिराद दावीभन्दा घटी वा बढी तथा अन्तिम फैसलामा समेत कायम भएको भागमा घटी वा बढी गरी फैसला कार्यन्वयन गर्नुपर्ने ।

प्रस्तुत मुद्दामा वादीको फिराद गर्दाको स्थिति नभई फैसला हुँदाको स्थितिलाई आधार मान्नुपर्ने स्थिति देखियो । वादी विवाहित छोरी रहेको मिसिल संलग्न आधिकारिक प्रमाण र तिनलाई खण्डन गर्न अ.बं.१३९ समेत प्रयोग गरी यस अदालतबाट प्रदान गरिएको अवसरमा समेत वादी पक्षले कुनै तत्परता नदेखाएकोले तत्कालको परिस्थितिमा सुरू मोरङ जिल्ला अदालतको फैसला केही उल्टी गरी चार भागको एक भाग प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीहरूबाट अंश पाउने भनी पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६५।३।२२ को फैसला उल्टी भै प्रत्यर्थी वादीको अंश पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल फागुन २५ गते रोज १ शुभम् ।

११

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-CI-०३६२, निषेधाज्ञा, *रामप्रसाद बास्कोटासमेत वि.नेपाल विद्युत प्राधिकरण कावेली करीडोर १३२ केभी प्रसारण लाइन आयोजनाको कार्यालय, लखनपुर गा.वि.स. वडा नं. १, पाडाजुँगीसमेत*

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २१ को कानूनी व्यवस्था हेर्दा प्राधिकरणलाई जमिनमाथि वा मुनि विद्युत तार वा लाइन जडान गर्न विद्युत लठ्ठा ठड्याउनेसमेत प्रयोजनका लागि नेपाल सरकारले प्रचलित कानूनबमोजिम आवश्यक जग्गा प्राप्त गरिदिन सक्नेछ भन्ने उल्लेख भएको र सो प्रयोजनका लागि नेपाल सरकारले जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया पूरा गरी नेपाल विद्युत प्राधिकरणलाई आवश्यक जग्गा उपलब्ध गराउन सक्ने नै देखियो । त्यसै गरी विद्युत नियमावली, २०५० अनुसार विद्युत प्रसारण लाइनको क्षेत्रभित्र पर्ने जग्गाको क्षतिपूर्ति जग्गाधनीलाई उपलब्ध गराइने भन्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा विकास निर्माणको पूर्वाधारको रूपमा रहेको १३२ के.भी. प्रसारण लाइनको विस्तार गर्ने प्रारम्भिक चरणमै अवरोध पुग्ने गरी अदालतले हस्तक्षेप गरिदिनु न्यायोचित हुन नसक्ने ।

निवेदक रामप्रसाद बास्कोटाको घर घडेरीयुक्त जग्गाको स्वरूपमा परिवर्तन हुन सक्ने, हानि नोक्सानी हुने र वैयक्तिक सम्पत्तिमा अत्तिक्रमण हुने आशङ्काको विद्यमानताको प्रश्न छ, सोतर्फ हेर्दा विद्युत प्राधिकरणले कावेली कोरीडोर १३२ के.भी. प्रसारण लाइन विस्तारको चरणमा स्थानीय स्तरमा उत्पादन हुने विद्युतलाई केन्द्रीय प्रसारण लाइनमा आबद्ध गरी राष्ट्रिय विकास अभियानमा महत्त्वपूर्ण योगदान पुर्‍याउने लक्ष्य लिएको देखिन्छ । यस अवस्थामा राष्ट्रिय महत्त्वका त्यस्ता आयोजनाहरूको सफल कार्यान्वयनका लागि सबैले सहयोग पुर्‍याउनु नागरिक दायित्व पनि हो । विद्युत प्राधिकरणले ऐन, नियमले निर्दिष्ट गरेबमोजिम प्रसारण लाइन क्षेत्रभित्र पर्ने व्यक्तिका सम्पत्तिको उचित मुआब्जा र क्षतिपूर्ति प्रदान

गरिने भन्ने लिखित जवाफ व्यहोराबाट अवगत भएको हुँदा निवेदकको सम्पत्तिमा अतिक्रमण हुने आशङ्काको विद्यमानता तत्काल नदेखिएको हुँदा पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

१२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-CI-०८९६, निषेधाज्ञा/परमादेश, *इन्दिरा पन्त शर्मा वि. पूर्णभद्र शर्मा*

सुरू निवेदनमा विवादित घर जग्गासमेत सबै अंशियारहरूबीच बन्डा लाग्ने सगोलको सम्पत्ति हो भनी निवेदक पूर्णभद्र शर्माले जिकीर लिएका र त्यसै घरमा निजसमेतको बसोबास रही आएको तथ्य स्थापित भएको छ । उक्त घर रहेको जग्गा आफ्नो पिताबाट बकसपत्रको लिखत पारीत गरी आफूले लिएको र आफ्नो स्वआर्जित आयबाट घर निर्माण गरेको भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको अवस्था छ । सो घर जग्गा दुबै वा जग्गामात्र वा घर मात्र बन्डा लाग्ने नलाग्ने के हो भन्ने विवाद साधिकार निकायमा विचाराधीन रहेको कुरामा सबै पक्षको सहमति नै छ । सो मुद्दामा हुने निर्णयानुसार हुने कार्यान्वयनलाई प्रस्तुत मुद्दाको आदेशले कुनै अनुकूल वा प्रतिकूल प्रभाव पार्न सक्ने हुँदैन । निषेधाज्ञाको प्रयोजन केवल भोगाधिकारलाई तत्कालका लागि यथास्थितिमा राखिदिनुसम्म हो निवेदकको वृद्धावस्था र विपक्षी इन्दिरा शर्मासमेतसँगको नाता सम्बन्धको समेत परिप्रेक्ष्यमा पुनरावेदन अदालत, पोखराबाट निवेदकलाई हाल बसोवास गरिरहेको घरबाट निकाला गर्ने आशङ्का जिल्ला प्रशासन कार्यालय, कास्कीबाट जिल्ला प्रहरी कार्यालय, कास्कीलाई लेखेको पत्रबाट पुष्टि भएको समेतका कारणबाट विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।५।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-CI-०६१२, निषेधाज्ञा, *जङ्गबहादुर चौधरीसमेत वि. गाविसको कार्यालय पटेर्वा, ससरीसमेत*

निषेधाज्ञा रिट निवेदनको प्रकृतिअनुसार कुनै निकाय वा व्यक्तिद्वारा कानूनप्रदत्त हकाधिकारमा प्रतिकूल प्रभाव पार्न सक्ने आशङ्काको विद्यमानता देखिएमा मात्र त्यस्तो कार्य तत्काल रोक्ने प्रयोजनका लागि आदेश जारी हुनेमा प्रस्तुत विवादका सम्बन्धमा निवेदन दायर हुँदाको अवस्थामा दावीको कार्य सम्पन्न भइसकेको देखिँदा रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।१२।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

१४

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-CI-००४२, परमादेश, *जनकपुर नगरपालिकाको तर्फबाट र आफ्नो हकमा समेत बद्रीकृष्ण शंखदेव वि. प्रफुल्लकुमार घिमिरे*

कानूनले तोकेको आफ्नो जिम्मेवारीबाट बिमुख भई लक्ष्मण सागर गुठी संस्थान अधीनस्थ रहेको कारण त्यसको संरक्षण सम्बर्द्धनको काम आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भन्ने पुनरावेदन जिकीर

गैरजिम्मेवार र अनुचितसमेत देखिने ।

सार्वजनिक सरोकार र महत्त्वका पुरातात्त्विकस्थलको संरक्षण र सम्बर्द्धन गर्नु स्थानीय निकायको प्रमुख दायित्व र जिम्मेवारी पनि हो । प्रस्तुत पोखरीको साविकको क्षेत्रफल क्रमशः अतिक्रमण हुँदै गएको अवस्थामा त्यस्तो जमिनको लगत राख्ने तथा संरक्षण गर्ने दायित्वसमेत स्थानीय स्वायत्त शासन ऐनले नगरपालिकालाई नै तोकेको अवस्थामा जनकपुर नगरपालिकाले सोतर्फ ध्यान दिएको समेत नदेखिँदा पुनरावेदन अदालत, जनकपुरले विपक्षीका नाउँमा परमादेशको आदेश जारी गर्ने ठहर गरी मिति २०६९।१।५ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

१५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०६४०, उत्प्रेषण/परमादेश, *पञ्चबहादुर के.सी. वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

निवेदकले तोकिएको समयभित्रै भरी विद्यालयमा का.स.मू. फाराम पेश गरेको भन्ने रूक्मिणी उच्च माध्यमिक विद्यालयको मिसिल संलग्न पत्र तथा सोही विद्यालयको दर्ता किताबबाट देखिन्छ । त्यस्तै, शैक्षिक सत्र २०६१ को का.स.मू. नियमावलीमा तोकिएको समयावधिभित्र भरी दर्ता गराएको नदेखिएकोले अङ्क समावेश नगरिएको भन्ने शिक्षक सेवा आयोगको लिखित जवाफ व्यहोरासमेत मिसिल संलग्न सम्बन्धित विद्यालयको दर्ता किताबको प्रमाणित प्रतिलिपिबाट खण्डित भएको अवस्था छ । यी दुई वर्षबापतको का.स.मू. को अङ्क निवेदकलाई दिएको भए निवेदकले सोही समयमा बढुवा पाउने स्थिति मिसिल संलग्न उम्मेद्वारहरूको अङ्क तालिकाको तुलनात्मक अध्ययनबाट देखिन्छ । तसर्थ, रूकुम जिल्लाअन्तर्गत विज्ञापन नं. ००५/०६६-०६७ को विज्ञापनमा माध्यमिक तह द्वितीय श्रेणीमा बढुवा हुने अन्य उम्मेद्वारहरूले बढुवा पाएकै मितिबाट रिट निवेदक पञ्चकुमार के.सी.को जेष्ठता कायम गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६७-WO-०२०३, उत्प्रेषण/परमादेश, *सूर्यकुमार जोशी. वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०७५८, निषेधाज्ञा, *खिमबहादुर गुरूङ वि. कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ४ स्थित पोखरा फाइनान्स लिमिटेड*

लिलामको लागि सूचना प्रकाशित गरिएको जग्गा कित्ताहरू निवेदकको नाउँको भएको देखिँदैन । लिलामको सूचना प्रकाशित भएपछि निवेदकले कास्की जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको देखिन्छ । अंशसमेतका मुद्दा दायर भएको अवस्थामा अ.बं १७१ क, जग्गा मिच्नेको १० नं. र अंशबन्डाको ३१ समेतका प्रक्रियाबाट तत्कालीन उपचार पाउन सकिने नै हुन्छ । अंश मुद्दा दायर गरेबाट भविष्यमा अंश पाउने परिकल्पना निषेधाज्ञाको विषयवस्तु बन्न सक्दैन । यसरी अदालतमा अंश मुद्दा दायर गरेकै आधारमा उक्त जग्गा कित्तामा निवेदकको निर्विवाद हकाधिकार सिर्जना हुने अवस्था नदेखिँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।२।३२ मा भएको आदेश मिलेकै

देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६९-CI-०७५७, निषेधाज्ञा, *हरिप्रसाद गुरूङ वि. कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ४ स्थित पोखरा फाइनान्स लिमिटेड* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१७

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०९४३, निषेधाज्ञा, *राजेन्द्र मुखिया मलाहासमेत वि. बद्री महतो कोइरी*

निवेदकको निर्विवाद हकभोगको जग्गामा विपक्षीहरूले कब्जा गरी घरछाप्रो निर्माण गर्न मिल्दैन । निवेदकको जग्गामा कुनै किसिमको निर्माण कार्य गर्न लागेका छैनौं भनी खिखित जवाफमा उल्लेख गरे पनि उक्त जग्गा कित्तासँग जोडिएको जग्गामा विपक्षीहरूले निर्माण सामग्री ल्याई राखेको कुरालाई इन्कार गर्न सकेको देखिएन । विपक्षीहरूले आफ्नो हकाधिकार भएको जग्गा कित्तामा निर्माण कार्य गर्न सक्ने नै भए पनि निवेदकको हकभोगको जग्गामा अतिक्रमण गरी घरछाप्रो निर्माण गर्न नपाउने हुँदा पुनरावेदन अदालत, राजविराजबाट निवेदन मागबमोजिमको आदेश जारी गरेको अन्यथा हो भनी भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।१२।१२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७ सालको WO-०४१३, उत्प्रेषण/प्रतिषेध/परमादेश, *अधिवक्ता तोयानाथ ढुङ्गाना वि. न्याय परिषद् सचिवालय, काठमाडौंसमेत*

हाल प्रचलनमा रहेको न्याय परिषद् ऐन, २०४७ वा नियमावली २०५६ मा न्यायाधीश नियुक्तिसम्बन्धी मापदण्ड वा यस्तै प्रकारको निर्देशिका आदि बनाई लागू गर्न सकिने भन्ने कानूनी व्यवस्था कहींकतै उल्लेख भएको देखिँदैन । अपितु नियमावलीको नियम २७ मा बैठकसम्बन्धी कार्यविधि भन्ने शीर्षकमा "ऐनमा उल्लेख भएदेखि बाहेक परिषद्को बैठकसम्बन्धी कार्यविधि, परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ" भन्नेसम्म उल्लेख भएको देखिन आयो । नियम २७ को उक्त "परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ" भन्ने वाक्यांशले मापदण्ड निर्माण गर्नेसम्मको अधिकारसमेतलाई समेट्छ कि भन्नेतर्फ हेर्दा प्रचलित ऐन नियममा उल्लेख भएदेखि बाहेक "परिषद्को बैठकसम्बन्धी कार्यविधि" सम्म परिषद् आफैंले निर्धारण गर्नसक्ने तर सोदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार कानूनद्वारा नै व्यवस्थित हुनुपर्ने देखिन आयो । बैठकको कार्यविधिसम्म आफैं निर्धारण गर्नसक्ने नियमको व्यवस्थाले कतिपय सारभूत प्रकृतिका व्यवस्थाहरूसमेत अन्तर्निहित रहेको नियुक्ति प्रक्रिया मापदण्ड निर्माण गर्नेसम्मको अख्तियारी प्रदान गर्नसक्छ भनी मान्न मिल्ने अवस्था नदेखिने ।

न्याय परिषद्लाई संविधान वा प्रचलित कानूनले मापदण्ड निर्माण गरी लागू गर्नसक्ने अख्तियारी नै नदिएको भन्ने देखिन आएबाट कानूनी अख्तियारीबिना नै न्याय परिषद्ले न्यायाधीश, नियुक्ति (प्रक्रिया) मापदण्ड २०६९ बनाई जारी

गरिएको मापदण्डसमेतमा कानूनको अख्तियारी देखिन आएन । कानूनको अख्तियारीबिना निर्माण गरिएको (कानूनी मान्यताप्राप्त गर्न नसक्ने हुनाले प्रस्तुत) न्यायाधीश नियुक्ति (प्रक्रिया) मापदण्ड २०६९ मा कानूनको अख्तियारी निहितताको आधारमा आजैका मितिदेखि लागू हुने गरी उत्प्रेषणको आदेशद्वारा निष्क्रिय र बदर हुने ।

सुरू अदालत (Trial Court) मा न्यायिक प्रक्रियाको अधिकतम् कार्यविधि वा औपचारिकताहरू पूरा गर्नुपर्ने स्थिति रहँदा त्यस्तो कार्यसँग बढी परिचित न्याय सेवाका अधिकृतहरूलाई नै अधिकतम् प्राथमिकताकासाथ न्यायाधीश नियुक्ति गरिने सामान्य प्रचलन भए तापनि यस सम्बन्धमा संविधानमा नै स्पष्ट व्यवस्था भइसकेको सन्दर्भमा उक्त संवैधानिक प्रावधान कार्यान्वयन अपेक्षित मात्र नभई अपरिहार्य समेत देखिने ।

स्वतन्त्र र सक्षम न्यायपालिकाको निर्माणको लागि न्यायाधीशको नियुक्तिमा नै योग्यता र क्षमताको मूल्याङ्कनसम्बन्धी प्रभावकारी संयन्त्र निर्माण गरिनु जरूरी हुन्छ । योग्यता पुगेका अधिवक्ताहरूलाई जिल्ला न्यायाधीशको पदमा नियुक्ति गर्दा अनिवार्यरूपमा लिखित र मौखिक परीक्षा सञ्चालन गर्नुपर्ने भन्ने संवैधानिक व्यवस्था देखिँदा त्यस्तो परीक्षाबाट अत्यन्त प्रतिभाशाली र सक्षम व्यक्तिमात्र न्यायाधीशको पदमा नियुक्ति पाउन सकून् भन्ने सुनिश्चितताको लागि त्यसरी सञ्चालन गरिने परीक्षाको पाठ्यक्रम निर्धारण, प्रश्नपत्र तयारी, परीक्षा सञ्चालन विधि, उत्तरपुस्तिका परीक्षण पद्धति, उत्तीर्णाङ्क तथा प्रस्तुतीकरण र अन्तर्वार्तासमेत खुला प्रतियोगिताबाट अनिवार्यरूपमा (न्याय सेवा आयोगबाट सञ्चालित) राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत सरहका हुनुपर्ने ।

परीक्षा प्रणालीबाटै जिल्ला न्यायाधीशको नियुक्ति गर्नेसम्बन्धी व्यवस्था न्यायाधीश नियुक्तिका सम्बन्धमा विशेष खालको संवैधानिक व्यवस्था भएकाले यो व्यवस्थाको कार्यान्वयनको सुनिश्चितताको लागि यथाशीघ्र यससम्बन्धी विधेयक तयार गरी कानून निर्माणका लागि संसदमा पेश गर्नु भनी विपक्षीमध्येका कानून न्याय, संसदीय व्यवस्था तथा संविधानसभा मन्त्रालयका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः रणबहादुर कटुवाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असार ४ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०२०४, परमादेश, *इन्द्रप्रसाद वाग्ले वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

निवेदकले माग दावी लिएको कागजातको प्रतिलिपि आवश्यक परे अदालतले उपयुक्त आदेशद्वारा झिकाई हेर्नसक्ने र कानूनअनुसार तिनमा प्रतिवाद गर्नसक्ने निवेदक हक सुरक्षित नै रहेबाट उक्त मुद्दाहरूलाई ढिलाइसमेतका प्रतिकूल प्रभाव पार्ने अवस्था रही निवेदक सफा र शुद्ध हातले आएको मान्न नसकिएबाट प्रस्तुत रिट निवेदनमा विपक्षीहरूले गरे बिराएको प्रारम्भतः नदेखिएबाट यसलाई अगाडि बढाइ रहन आवश्यक नदेखिने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असोज ४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०३६९, उत्प्रेषण, *युनाइटेड लिकर प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त प्रबन्ध सञ्चालक सविनलाल श्रेष्ठ वि. मालती अधिकारीसमेत*

चितवन मङ्गलपुरमा उत्पादनस्थलमा

सुपरभाइजरका रूपमा कार्यरत् विपक्षी मालती अधिकारीलाई उत्पादन कार्य नहुने काठमाडौंमा सरूवा गरिनु श्रम ऐन, २०४८ को दफा ५(४) मा उल्लिखित कामको प्रकृतिमा समेत असर नपर्ने गरी सरूवा गर्न पाइने अधिकारअनुरूप हो होइन भन्ने प्रश्न श्रम अदालतले अन्तिम निर्णय गर्दा बोल्ने कुरा हो । ऐनको उक्त व्यवस्था यिनै विपक्षीलाई निवेदकले पहिले गरेको निलम्बन विरूद्ध पनि अन्तरकालीन आदेश दिएको अवस्था र सोपश्चात् गरिएको यो सरूवा विरूद्ध दिइएको अन्तरकालीन आदेशमा हस्तक्षेप गरी यस रिटमा कारण देखाउ आदेश जारी गरी अगाडि बढाइरहन न्यायसङ्गत् नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०६७५, उत्प्रेषण/परमादेश, *डिलमाया तामाङ वि. कारागार कार्यालय, कास्कीसमेत*

मुलुकी ऐन, अ.बं. ११०(१) नं. को कानूनी व्यवस्था हेर्दा म्यादवाला मानिस घरमा भेट नभए त्यसका उमेर पुगेको एकाघरका जहानमा भरसक लोग्ने मानिसलाई र नभए स्वास्नी मानिसलाई दिई र निजहरू पनि भेट भएन वा भए पनि बुझिलिएन भने त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी टाँसी तेस्रो प्रतिमा सो तामेली मिति जनाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा बुझाई छुट्टै भरपाई गराई दिनुपर्छ वा तामेली प्रतिको पीठमा नै सो जनाई सहीछाप गराई लिनुपर्छ भन्ने व्यवस्था रहेको पाइएको र प्रस्तुत निवेदन संलग्न म्याद तामेली प्रतिलिपि हेर्दा त्यसमा अ.बं. ११० को उल्लङ्घन भएको मात्र मिल्ने स्थिति देखिएन । सो तामेलीका आधारमा भएको फैसला बदर गरी पुन: म्याद तामेल गराई सुनुवाइको मौका दिई फैसला गर्न रिट जारी हुनसक्ने अवस्था नदेखिने ।

फैसला गर्दा कानूनप्रतिकूल कैद ठेकिएको भन्ने विषयमा विधिवत् चुनौती दिइएमा विचार हुनसक्ने अवस्था कायमै हुने हुँदा कास्की जिल्ला अदालतबाट तामेल भएको मिति २०५३।१।१२ को तामेली म्याद मिति २०५७।५।१३ को फैसला र मिति २०७०।११।२ मा दिइएको कैदी पूर्जीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भन्ने निवेदन खारेज हुने ठहर्छ । यस निवेदनमा तामेली बेरीतको नदेखिँदा सो आधारमा भएको फैसलासमेत बदर गर्ने अवस्था प्रारम्भिकरूपमै नदेखिएबाट कारण देखाउ आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०६०७, परमादेश/उत्प्रेषण, *वारिस भई आफ्नोहकमा समेत रामप्रसाद राय वि. रामनरेश रायसमेत*

दे.नं. ६३४ को मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. ८ र ९ को जग्गा हालैदेखिको बकसपत्र लिखतभित्रको भनी खिचोला ठहरी चलनसमेत पाउने गरी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको देखिन्छ । सो फैसलाउपर पुनरालोकन गर्न निवेदन दिएको कारणले मात्र फैसला कार्यान्वयन रोक्न मिल्दैन । न.नं. ८ र ९ का जग्गा बाहेकका जग्गामा वादीले नै यी प्रतिवादीउपर चलाएको दे.नं. ११९४ र ११९५ को मुद्दामा न.नं. ८ र ९ को फैसला भएको जग्गाको सम्बन्धमा नभई अन्य जग्गाको सम्बन्धमा चलाएको भन्ने उल्लेख देखिन्छ । यस अवस्थामा मिति २०६९।११।२४ मा तहसिलदारबाट भएको आदेशलाई बदर गरेको सर्लाही जिल्ला अदालतको मिति २०७०।२।३१ को आदेशलाई सदर गरेको पुनरावेदन अदालत,

जनकपुरको मिति २०७०।११।८ को आदेश प्रारम्भिकरूपमै गरे बिराएको अवस्थाको देखिएन । फैसला कार्यान्वयनको क्रममा तहतहबाट भएको आदेशलाई अत्यन्त गम्भीर कानूनी त्रुटि नदेखिएसम्म यस अदालतले हस्तक्षेप गर्न न्यायसङ्गत् नहुने हुँदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०५४८, उत्प्रेषणसमेत, *चमनबहादुर खड्का वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

अपरिपक्व अवस्थामा मौखिकरूपमा यस्तो जवाफ दिइयो भनेकै आधारमा प्रस्तुत रिट निवेदनलाई अगाडि बढाइरहनुको औचित्य प्रारम्भिकरूपमा हेर्दासमेत पाइएन । यसको अतिरिक्त वैकल्पिक कानूनी उपचारको बाटो देखिएको अवस्थामा निवेदकले असाधारणक्षेत्रअन्तर्गतको रिट निवेदन दर्ता गरेको देखिँदा निवेदक दावीको विषय प्रमाणको आधारमा फाँटवारीसमेतका लेखा परीक्षण विवरण झूट्टा हो होइन भनी निर्क्यौल गर्नुपर्ने प्रकृतिको देखिएको तथा अन्य वैकल्पिक उपचारको बाटो देखिन आएको विषयमा रिट क्षेत्रबाट प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा यस निवेदनलाई अगाडि बढाइरहनुको औचित्य पाइएन । निवेदकको रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल माघ २३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०७० सालको ०७०-WO-५४९, उत्प्रेषणसमेत, *चमनबहादुर खड्का वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-RE-०१३२, ज्यान मार्ने उद्योग, *बुलबुल भन्ने सौरभ गुरूङसमेत वि. नेपाल सरकार*

पीडित उमेश लिम्बुले मिति २०७०।३।१३ मा महानगरीय प्रहरी वृत्त महाराजगन्ज, काठमाडौंमा प्रहरी अधिकृतसमक्ष गरेको कागजसमेतलाई विचार गर्दा निवेदक प्रतिवादीहरू बुलबुल भन्ने सौरभ गुरूङ र डम्बर साँवा भन्ने सज्रित साँवा तत्काल प्राप्त प्रमाणबाट कसूरदार नदेखिएको अवस्थामा निजहरू कसूरदार देखिएको भनी थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको ताप्लेजुङ जिल्ला अदालतको मिति २०७०।३।२५ को आदेश सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।५।१३ को आदेश त्रुटिपूर्ण देखिएकोले बदर गरिदिएको छ । अब यी निवेदक प्रतिवादीहरूका हकमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।
इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री दीपकराज जोशी,** ०७०-RE-०१४०, मानव बेचबिखन, *रेणु लिम्बु भन्ने रेणु तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत आरोपित कसूरमा इन्कार रही पीडितलाई कुबेतबाट नेपाल आउनको लागि टिकटको पैसाबापत रू. तीस हजार यिनै प्रतिवादीले पीडितलाई पठाइदिएको भन्नेसमेत बयानमा जिकीर लिइएको देखिन्छ । त्यसका अतिरिक्त यिनै जाहेरवालाले

यिनै प्रतिवादीउपर वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगार विषयमा कानूनी कारवाही गरी पीडितको उपचार खर्च र क्षतिपूर्ति दिलाईपाऊँ भनी मिति २०७०।२।७ मा जाहेरी दिई उक्त मुद्दामा वैदेशिक रोजगार विभागबाट मिति २०७०।२।१६ मा यी प्रतिवादीबाट रू. पचास हजार धरौटी माग भई प्रतिवादीले धरौटी बुझाई हाल मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई तत्काल थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।३।१६ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।१८ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब पछि बुझ्दै जाँदा प्रमाणबाट ठहरेबमोजिम हुने गरी प्रतिवादीबाट रू. २,००,०००।- (रू. दुई लाख) धरौटी दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू । धरौटी दिन नसके कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०२४९, भ्रष्टाचार, *युगलकिशोर साह वि. नेपाल सरकार*

विवादित ट्रान्सफर्मरहरू गुणस्तरहीन भन्नेमा विवाद नदेखिएको । गुणस्तरहीन ट्रान्सफर्मरहरू सम्झौताबमोजिम निर्यात गर्न चाइना स्थित Hubei Sunlight Electric Co.Ltd. कम्पनी तयार भै केही ट्रान्सफर्मरहरू फिर्ता पनि भएको देखियो । सम्झौता, मध्यस्थता र करारको परिपालना सम्बन्धमा प्रस्तुत मुद्दामा कानूनको व्याख्या उपस्थित भएको देखिँदा र यी प्रतिवादी युगलकिशोर साहले सम्झौताबमोजिमको रकम आफूले नबुझाई कम्पनीको कार्यविधिबमोजिम एल.सी. मार्फत् भुक्तानी गरेको देखिएको एवम् यी प्रतिवादी निरीक्षण गर्ने व्यक्ति नभै निरीक्षण गराएबमोजिम रकम हस्तान्तरण गरेको देखिएको सो रकम निजले लिए खाएको नदेखिएबाट निजलाई मिति २०७०।६।१० को आदेशबाट रू.२,००,००,०००।- (दुई करोड) धरौट माग गरिएकोमा सो धरौट निजको समग्र हैसियतभन्दा बढी भएको अवस्था र यसै अदालतबाट मिति २०५८।४।२४ मा प्रतिवेदन नं. २०४ र २०५ एवम् मिति २०६८।९।११ को RE-००८६ मा धरौट माग गर्ने सम्बन्धमा भएको व्याख्या र प्रतिपादित सिद्धान्त प्रस्तुत प्रतिवेदनको सन्दर्भमा पनि प्रासङ्गिक देखिन आएकोले त्यस अदालतको मिति २०७०।६।१० को आदेश बदर गरिदिएको छ । अब प्रतिवादी युगलकिशोर साहसँग रू. ५०,००,०००।- (पचास लाख) धरौट माग गरी सोबापत नगद वा जेथा दिन ल्याए लिई र दिन नसके कानूनबमोजिम गरी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल असार २९ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन्:-

- २०७० सालको प्रतिवेदन नं. ०७०-RE-००९२, भ्रष्टाचार, *रामेश्वर यादव वि. नेपाल सरकार*
- २०७० सालको प्रतिवेदन नं. ०७०-RE-००९३, भ्रष्टाचार, *रामेश्वर यादव वि. नेपाल सरकार*
- २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१०२, भ्रष्टाचार, *हु झेङ क्वाङ वि. नेपाल सरकार*
- २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१०३, भ्रष्टाचार, *हु झेङ क्वाङ वि. नेपाल सरकार*
- २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१२१, भ्रष्टाचार, *डा. जिवेन्द्र झा वि. नेपाल सरकार*

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७०-AP-०४०१, उत्प्रेषण, *विष्णुप्रसाद न्यौपानेसमेत वि. गृह मन्त्रालयसमेत*

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) अन्तर्गत दर्ता गर्न ल्याएको लिखत रीत नपुगेको आधारमा दरपीठ गर्न सकिनेमा मिति २०७१।२।१२ को दरपीठ आदेशमा सो व्यहोरा उल्लेख हुन सकेको देखिएन । ऐ. उपनियम (३) मा "सर्वोच्च अदालतबाट स्पष्ट व्याख्या भई सिद्धान्त प्रतिपादन भइसकेको विषय वा उही विषयमा कसैले अघि नै रिट निवेदन दायर गरी अदालतमा विचाराधीन रहेको विषय वा देखादेखी (प्राइमाफेसी) रूपमा पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने वा दोहोऱ्याउने निवेदन लाग्ने विषय वा मुलुकी ऐन, अ.बं.को १७ नं. वा १२४ ग नं. वा न्याय प्रशासन ऐन, २०४८ को दफा १६ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन लाग्ने विषय वा संवैधानिक वा कानूनी प्रश्नबाहेकका अस्पष्ट किसिमको रिट निवेदन दायर गर्न ल्याएमा रजिस्ट्रारले आधार र कारण खुलाई दरपीठ गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था भइरहेकोमा उल्लिखित दरपीठमा सो कुरा पनि उल्लेख हुन नसक्नुका अतिरिक्त अन्य कानूनको आधार र स्रोतसमेत उल्लेख नभएको र मुलुकी ऐन, अ.बं. २७ नं. अन्तर्गत यो यस्तो कारणबाट दरपीठ भएको भन्ने कुरा पनि स्पष्ट नगरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) र (३) तथा मुलुकी ऐन, अ.बं. २७ नं. को गोलमटोल प्रयोग गरी विषयवस्तुको न्यायिक निरूपण हुने गरी निमित्त रजिस्ट्रारबाट भएको मिति २०७१।२।१२ को दरपीठ आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७१ साल असार २० गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

## धनगढीमा कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम




उद्घाटनसत्र कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गर्नुहुँदै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

अदालतबाट सम्पादन गरिने फैसला, आदेश, पत्राचार तथा प्रकाशनलगायतका काम कारवाहीहरूमा भाषिक शुद्धता र एकरूपता कायम गर्दै जाने उद्देश्यले सञ्चालन हुँदै आएको भाषिक प्रशिक्षण कार्यक्रमको सिलसिलामा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा पुनरावेदन अदालत, महेन्द्रनगर र पुनरावेदन अदालत, दिपायल तथा मातहतका जिल्ला अदालतहरूमा कार्यरत् अधिकृत तथा सहायक कर्मचारीहरूका लागि मिति २०७१ साल असार १५ गते देखि १७ गतेसम्म तीन दिवसीय कानूनी नेपाली भाषाको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेलले सो कार्यक्रमको प्रमुख आतिथ्यता र शुभारम्भ गर्नुभएको थियो भने उद्घाटनसत्रको अध्यक्षता कैलाली जिल्ला अदालतका माननीय न्यायाधीश श्री यज्ञराज भट्टले गर्नुभएको थियो ।

उक्त कार्यक्रम उद्घाटनको क्रममा आफ्नो मन्तव्य दिंदै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेलले शुद्ध र परिस्कृत भाषामा नै सो भाषाको बल निहित हुन्छ । नेपाली भाषा त्यसमा पनि अदालतबाट सम्पादित फैसला, आदेशलगायतका काम कारवाहीमा भाषिक शुद्धता हुनु जरूरी छ । यसका लागि सर्वोच्च अदालतले चालेको कदम सह्रानीय छ । यस्ता कार्यक्रमबाट सहभागीहरूको ज्ञान र सीपमा अभिवृद्धि भई अदालती काम कारवाहीहरूमा भाषिक शुद्धता र गुणस्तरीयता कायम हुनेछ भन्ने अपेक्षा गर्दै कार्यक्रमको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा बोल्दै कैलाली जिल्ला अदालतका माननीय न्यायाधीश श्री यज्ञराज भट्टले

अदालती काम कारवाहीलाई सहज बनाउन यस्तो तालिम आवश्यक छ । स्थानीय जनजिब्रोले गर्दा लेखाइमा फरकपन आउन सक्ने हुँदा त्यसलाई एकरूपता कायम गर्न भाषिक तालिमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सर्वोच्च अदालतबाट सहभागीहरूको सुविधालाई दृष्टिगत गरी स्थानीय तहमा आई तालिम सञ्चालन गरिनु खुशीको कुरा हो भन्दै यस तालिमबाट सहभागीहरूले अधिकतम् फाइदा लिनुहुनेछ भन्ने अपेक्षासहित शुभकामना व्यक्त गर्नुभयो । सोही जिल्ला अदालतका माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री मातृकाप्रसाद मरासिनीले अदालतबाट भएका फैसला तथा हुनुहुनेछ भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा नेपाल बारका केन्द्रीय उपाध्यक्ष अधिवक्ता श्री राजेन्द्र साउदले शब्द शब्द मिली वाक्य बन्छ तर त्यसको भाव प्रष्ट हुनु जरूरी छ । भाषा पनि औषधि जस्तै हो, ठीक ठाउँमा ठीक प्रयोग भएमात्र त्यसको सार्थकता रहन्छ । भाषिक शुद्धतामा ध्यान नदिँदा सुन लसुन हुन गए जस्तै त्यसको परिणाम नै फरक र अनर्थ हुन सक्छ । त्यसैले अदालतबाट हुने फैसला र आदेशमा भाषिक शुद्धताको अत्यन्त महत्त्व छ । यसलाई प्राथमिकतामा राखी यसरी तालिम सञ्चालन हुनु अत्यन्तै राम्रो कार्य हो



उद्घाटनसत्र कार्यक्रममा प्रशिक्षकहरूका तर्फबाट मन्तव्य दिँदै त्रि.वि.का प्राध्यापक डा.कुमारप्रसाद कोइराला

आदेशहरू सर्वसाधारण जनतासम्म पुगेका हुन्छन् । ती फैसला तथा आदेश सहजरूपमा बुझ्न गाह्रो हुने र फैसला बुझ्नको लागि कानूनी क्षेत्रकै विज्ञ वा कानून व्यवसायीहरूकै सहारा लिनुपर्छ भन्ने जनगुनासो पनि छ । त्यसैले अदालती भाषामा सरलीकरण गर्नुपर्ने चुनौती पनि छँदैछ । अत: प्रशिक्षणका लागि आउनुभएका भाषा विज्ञहरूबाट सहभागीहरू बढी लाभान्वित भन्दै तालिम कार्यक्रमको सफलताको कामना गर्नुभयो ।

प्रशिक्षकहरूको तर्फबाट त्रि.वि.का प्राध्यापक डा.कुमारप्रसाद कोइरालाले भाषाको जन्मस्थान मै आएर नेपाली भाषाको प्रशिक्षण दिन पाउँदा खुशी व्यक्त गर्दै नेपालको ज्यादै सम्मानीत निकाय सर्वोच्च अदालतबाट भाषिक शुद्धतालाई महत्त्व दिइनु नेपाली भाषाप्रेमीका लागि गौरवको

कुरा हो । यस प्रशिक्षणबाट सहभागीहरूलाई बढी भन्दा बढी लाभान्वित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको प्रारम्भमा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले प्रशिक्षण कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै सो कार्यक्रमको उद्‌घाटन तथा शुभारम्भ सर्वोच्च अदालतका माननीय न्यायाधीशबाट हुनुले भविष्यमा यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र निरन्तररूपमा सञ्चालन गर्न हौसला प्रदान गरेको छ भन्नुभयो । कार्यक्रममा पाल्नुहुने प्रमुख अतिथि, अतिथिलगायत सहभागीहरूलाई हार्दिकताका साथ स्वागत गर्दै यस कार्यक्रमलाई व्यवहारिक र फलदायीरूपले सम्पन्न गर्न सहभागी तथा प्रशिक्षकहरूलाई आह्वान गर्नुभएको थियो ।

सो शुभारम्भसत्रमा कन्चनपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी, पुनरावेदन अदालत, महेन्द्रनगरका रजिस्ट्रार श्री सनतचन्द्र लवट, कैलाली जिल्ला बारका सचिव श्री हेमन्तराज पन्त, सर्वोच्च अदालतका इजलास अधिकृत श्री हरिप्रसाद कोइराला, कैलाली जिल्ला अदालतका स्रेस्तेदार श्री धनराज शर्मा, सर्वोच्च अदालतका इजलास अधिकृत श्री लोकनाथ पराजुली, प्रशिक्षक उपप्राध्यापक श्री रामचन्द्र फुयाल, कैलाली जिल्ला अदालतका तहसिलदार श्री राईभान कुञ्जेडालगायतका व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो ।

सो कार्यक्रमको सञ्चालन सर्वोच्च अदालतका शाखा अधिकृत श्री ढाकाराम पौडेलले गर्नुभएको थियो भने ३ दिनसम्म सञ्चालित उक्त तालिम कार्यक्रममा सहभागीहरूलाई दुई समूहमा छुट्टाछुट्टै विभाजन गरी ५१ जना प्रशिक्षार्थीहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो ।

प्रशिक्षणसत्रमा त्रि.वि.का प्राध्यापक डा.कुमारप्रसाद कोइराला र काठमाडौं स्कूल अफ ल का उपप्राध्यापक श्री रामचन्द्र फुयालले



कार्यक्रम समापनपश्चात् सामूहिक तस्विर खिचाउँदै कार्यक्रमका सहभागीहरू

नेपाली भाषाको प्रयोगसम्बन्धी विभिन्न कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो । प्रशिक्षार्थीहरूलाई व्यावहारिक र प्रयोगात्मकरूपमा अभ्यस्त तुल्याउने हेतुले सम्पादक श्री अम्बिकाप्रसाद निरौला, शाखा अधिकृतद्वय श्री ढाकाराम पौडेल र श्री राजन बास्तोलाले प्रयोगात्मकसत्रको सञ्चालन गर्नुभएको थियो । सो कार्यक्रमको व्यवस्थापन सर्वोच्च अदालतका शाखा अधिकृत श्री राजन बास्तोलाले गर्नुभएको थियो भने कैलाली जिल्ला अदालतका श्री दिपेन्द्र साउद, श्री गोकर्ण राना र श्री सतिराम चौधरीले कार्यक्रम अवधिभर सहयोग पुर्‍याउनुभएको थियो । साथै उक्त प्रशिक्षण कार्यक्रममा देहायबमोजिमका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**समूह 'क'**

**नाम, पद, कार्यालय**

१. नरेन्द्रबहादुर बुढा, स्रेस्तेदार, बाजुरा जि.अ.
२. राइभान कुन्जेडा, तहसिलदार, कैलाली जि.अ.
३. चन्द्रकुमार जोशी, ना.सु., पु.वे.अ.महेन्द्रनगर
४. स्वस्तिका पाण्डेय, टा.ना.सु., कैलाली जि.अ.
५. नारायणदत्त ओझा, ना.सु., कैलाली जि.अ.
६. नवराज पाण्डेय, ना.सु., कैलाली जि.अ.
७. सकुन्तला बम, ना.सु., कन्चनपुर जि.अ.
८. चेतबहादुर बोहोरा, ना.सु., डोटी जि.अ.
९. अम्वादत्त भट्ट, ना.सु., बाजुरा जि.अ.
१०. दुर्गादत्त जोशी, ना.सु., बैतडी जि.अ.
११. गणेशप्रसाद भट्ट, ना.सु., पु.वे.अ.महेन्द्रनगर
१२. लक्ष्मी भट्ट पाण्डे, ना.सु., पु.वे.अ.महेन्द्रनगर
१३. भक्तबहादुर भट्ट, ना.सु., कन्चनपुर जि.अ.
१४. सन्तोषी कुमारी जोशी, क.अ., पु.वे.अ.महेन्द्रनगर
१५. शैलेश गुप्ता, क.अ., डोटी जि.अ.
१६. विष्णुदत्त भट्ट, ता.डि., कैलाली जि.अ.
१७. धनराज पुरी, ता.डि., कन्चनपुर जि.अ.
१८. विष्णुबहादुर खत्री, डिट्टा, कैलाली जि.अ.
१९. तुलसी कुमारी जोशी, डिट्टा, कैलाली जि.अ.
२०. कान्ती भट्ट, डिट्टा, कन्चनपुर जि.अ.
२१. गणेशचन्द्र भट्ट, डिट्टा, कन्चनपुर जि.अ.
२२. हिरादत्त पन्त, डिट्टा, कन्चनपुर जि.अ.
२३. इन्द्रबहादुर सार्की, डिट्टा, कन्चनपुर जि.अ.
२४. रामप्रसाद जोशी, डिट्टा, डोटी जि.अ.
२५. रोहितप्रसाद भट्ट, डिट्टा, बैतडी जि.अ.
२६. दिपेन्द्र साउद, सि.ने.स.क.(IT), कैलाली जि.अ.

**समूह 'ख'**

**नाम, पद, कार्यालय**

१. जनक सिंह बोहरा, शा.अ., पु.वे.अ.महेन्द्रनगर
२. विष्णुराज पन्त, शा.अ., पु.वे.अ.महेन्द्रनगर
३. सूर्यप्रसाद पौडेल, शा.अ., बझाङ जि.अ.
४. नेत्रबहादुर माझी, स्रेस्तेदार, अछाम जि.अ.
५. पुष्पा जोशी, ना.सु., पु.वे.अ.दिपायल
६. विष्णुदत्त अवस्थी, ना.सु., पु.वे.अ.दिपायल
७. प्रकाशबहादुर सिंह, ना.सु., पु.वे.अ.दिपायल
८. उद्धव सिंह थापा, टा.ना.सु., पु.वे.अ.दिपायल
९. राजेन्द्रबहादुर चन्द, ना.सु., पु.वे.अ.महेन्द्रनगर
१०. श्रीराम ओझा, ना.सु., पु.वे.अ.महेन्द्रनगर
११. लोकबहादुर रावल, ना.सु., बझाङ जि.अ.
१२. खडकबहादुर खड्का, ना.सु., बझाङ जि.अ.
१३. गजेन्द्र सिंह महर, ना.सु., दार्चुला जि.अ.
१४. बेगमप्रसाद भुसाल, ना.सु., डडेल्धुरा जि.अ.
१५. कृष्ण शाही, ना.सु., अछाम जि.अ.
१६. पुरूषोत्तमप्रसाद भट्ट, क.अ., पु.वे.अ.महेन्द्रनगर
१७. जनकबहादुर धामी, क.अ., पु.वे.अ.दिपायल
१८. सुनिता अवस्थी, क.अ., बझाङ जि.अ.
१९. सुरेन्द्र यादव, क.अ., डडेल्धुरा जि.अ.
२०. सुरेश ओखेडा, क.अ., बाजुरा जि.अ.
२१. जागुराम चौधरी, क.अ., अछाम जि.अ.
२२. शमसेर नाथ, डिट्टा, पु.वे.अ.महेन्द्रनगर
२३. दानबहादुर बोहरा, डिट्टा, पु.वे.अ.महेन्द्रनगर
२४. लोकराज जोशी, डिट्टा, कन्चनपुर जि.अ.
२५. राजुप्रसाद चौधरी, डिट्टा, दार्चुला जि.अ.